# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३०९ | काठमाडौं | शुक्रबार, २५ फागुन २०८० | Prabhab National Daily | Friday, March 8, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


सुदूरपश्चिम प्रदेश

## मुख्यमन्त्रीका लागि चार दलको दौडधुप



■ जनार्दन उपाध्याय

**धनगढी–** केन्द्रीय सरकारमा नयाँ समीकरण बनेसँगै सुदूरपश्चिम प्रदेश सरकार परिवर्तनको खेल सुरु भएको छ । सरकार परिवर्तनको खेल मुख्यमन्त्री कमलबहादुर शाहले नै थालेका छन् ।

केन्द्रमा गठबन्धन फेरिएपछि झस्किएका शाहले बुधबार नेकपा माओवादी केन्द्रका तर्फबाट सरकारमा सहभागी दुईजना मन्त्री र एक राज्यमन्त्रीलाई बर्खास्त गरिसकेका छन् । आफ्नो पार्टीबाट सरकारमा सहभागी उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रमेश धामी, सामाजिक विकास मन्त्री झपट साउँद र उद्योग राज्यमन्त्री गीतादेवी माललाई छलफल विनै बर्खास्त गरेपछि नेकपा माओवादी केन्द्रले पनि समर्थन फिर्ता लिएको छ ।

केन्द्रमा एकीकृत समाजवादी सरकारमा सहभागी भएसँगै बिहीबार मुख्यमन्त्री शाहले नेकपा एकीकृत समाजवादीका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री नरेशकुमार शाहीलाई बर्खास्त गरे । लगत्तै समाजवादीले पनि समर्थन फिर्ता लिएको छ ।

**शाहको मुख्यमन्त्री पद धरापमा**

मन्त्रीहरू धमाधम बर्खास्त गरेका मुख्यमन्त्री शाहको आफ्नै पद भने धरापमा परेको छ । ५३ सदस्य रहेको सुदूरपश्चिम प्रदेश सभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका ११, एमालेका १०, नागरिक उन्मुत्ति पार्टीका ७, नेकपा (एकीकृत समाजवादी) का ४, राप्रपा एक र स्वतन्त्र एक जना सांसद छन् भने एउटा सिट रिक्त छ ।

माओवादी र एकीकृत समाजवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै अबको एक महिनाभित्र मुख्यमन्त्री शाहले विश्वासको मत लिनु पर्नेछ । सुदूरपश्चिम प्रदेशसभाका ५२ सांसदमध्ये बहुमत प्राप्त गर्न २७ जना आवश्यक पर्छ । तर मुख्यमन्त्री शाहलाई आफ्नो दलका १८ र नागरिक उन्मुक्तिका ७ गरि २५ जना सांसदकोमात्रै साथ छ । सरकार टिकाउन मुख्यमन्त्री शाहले स्वतन्त्र सांसद डा. तारा जोशी र राप्रपाका १ सांसदलाई मन्त्रीको अफर गरेका छन् ।

**नयाँ गठबन्धनमा पनि छैन बहुमत**

केन्द्रकै समीकरण अनुसार अगाडि बढ्न यहाँ नयाँ गठबन्धनलाई पनि बहुमत पुगेको छैन । माओवादीका ११ र एमालेका १० सांसद र एकीकृत समाजवादीका ४ सांसद मिल्दा बहुमत पुग्दैन । माओवादी, एमाले र समाजवादी गरी प्रदेशसभामा २५ मात्रै संख्या पुग्छ । ७ सांसद रहेको नागरिक उन्मुक्ति पार्टी यहाँ निर्णायक देखिन्छ ।

**मुख्यमन्त्रीका लागि रेशमको बार्गेनिङ**

अहिलेको सरकार टिकाउन र नयाँ सरकार गठन गर्न प्रदेश सभामा निर्णायक रहेको नागरिक उन्मुक्ति पार्टीले मुख्यमन्त्रीका लागि 'बार्गेनिङ' थालेको छ । पार्टीका अध्यक्ष रेशम चौधरीले एमाले अध्यक्ष ओली र प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल (क्रमशः पृष्ठ २ मा)

### समस्याग्रस्त सहकारी सिआइबीको निगरानीमा

# आरोपित भने नेतृत्वमा

- १८ समस्याग्रस्त सहकारीहरूमा ११ हजार ९ सय ७ बचतकर्तालेे ४ अर्ब २५ करोड बढी रकम माग गरेको छ
- जबकि रवि-जिबी जोडिएको सूर्यदर्शनले बचतकर्ताको १६ अर्ब रुपैयाँ रकम अपलचन गरेको देखिएको छ
- सरकारले रवि-जिबी जोडिएको सूर्यदर्शनलगायत सहकारीलाई भने समस्याग्रस्त सूचीमा राखेको छैन



**समस्याग्रस्त १८ सहकारी**

- कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- स्ट्यान्डर्ड मल्टिपर्पोज कोअपरेटिभ लिमिटेड
- स्टान्डर्ड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड
- प्यासिफिक सेभिङ एन्ड इन्भेस्टमेन्ट कोअपरेटिभ लि.
- सोसाइटल बचत तथा ऋण सहकारी संस्था लि.
- प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- चार्टड सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड
- लुनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
- ओरेन्टल को अपरेटिभ लिमिटेड
- कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- कोहिनुर हिल सेभिङ एन्ड क्रेडिट को अपरेटिभ लि.
- भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- पशुपती सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेड
- तुलसी बहुमुखी सहकारी संस्था लिमिटेड
- शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
- हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड
- कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
- कान्तिपुर सेभिङ एन्ड क्रेडिट सहकारी संस्था लि.

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले हालसम्म समस्याग्रस्त सहकारीको संस्था १८ पुगेको बताएका छन् । बिहीबार प्रतिनिधि सभामा सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा दाहालले यस्तो जानकारी दिएका हुन् । 'हालसम्म १८ वटा सहकारी संस्थाहरूलाई सहकारी ऐन, २०७४ बमोजिम समस्याग्रस्त सहकारी संस्था घोषणा गरी सम्पत्ति र दायित्व फरफारक गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा पठाइएको छ,' प्रतिनिधि सभामा प्रधानमन्त्री दाहालले भने ।

सहकारीसँग जोडिएको समस्या समाधानका लागि काशीराज दाहाल नेतृत्वको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यी सहकारीहरूको पहिचान गरेको हो । समितिका अनुसार यी सहकारीहरूमा ११ हजार ९ सय ७ बचतकर्ताले ४ अर्ब २५ करोड बढी रकम माग गरेको छ । बचतकर्ताको रकम हिनामिना गरेकै कारण वित्तीय सहकारीहरू समस्यामा पर्दा आर्थिक संकटसमेत गहिरिएको छ ।

सबैभन्दा रमाइलो विषय फेरि उपप्रधान तथा गृहमन्त्री बनेका रवि लामिछानेको 'कनेक्सन' रहेको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थालाई भने समस्याग्रस्त सूचीमा अटाएको छैन । जबकि सरकारले समस्याग्रस्त घोषणा गरेको १८ सहकारीको कुल अपचलन ४ अर्ब छ भने रवि-जिबी जोडिएको सूर्यदर्शनले बचतकर्ताको १६ अर्ब रूपैयाँ रकम अपलचन गरेको देखिएको छ । यो प्रकरणमा माओवादी नेतासमेत रहेका पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन पनि जोडिएका छन् । तर माओवादी नेतृत्वको सरकार रहेका कारण उनी जोगिँदै आएका छन् ।

स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी, नेपालगञ्जको समानता बचत तथा ऋण सहकारी, चितवनको सहारा चितवन बचत तथा ऋण सहकारी र वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी जिबी समूहको सहकारी हो । दिपेश सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको पूर्वसचिव हुन् ।

यही विषयलाई लिएर प्रमुख प्रतिपक्ष नेपाल कांग्रेसले प्रश्न उठाएको छ । कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले लामिछानेतिर लक्षित गर्दै आरोपित त कोही न कोही होलान् भनी कटाक्ष गरे । 'नियुक्त भएर आउनुभएका मन्त्रीहरू कुनै पनि ठाउँबाट कुनै पनि किसिमको अनुसन्धानको दायराभित्र नपरेका होलान् भन्ने आशा गरेको छु,' लेखकले भने, 'यदि परेका छन् भने त्यसपछि सदन के हुन्छ भन्ने कुराको जवाफ पनि प्रधानमन्त्रीले दिँदा राम्रो हुन्छ भन्ने मेरो आग्रह छ ।' दाहाल नेतृत्वको सरकारले टेरामक्स प्रकरणमा मुछिएको भन्दै कांग्रेसबाट स्वास्थ्यमन्त्री भएका मोहन बस्नेतलाई राजीनामा दिन दबाब दिएको विषयमा लेखकले लामिछाने लक्षित मन्तव्य राखेको कांग्रेसले जनाएको छ ।

समस्याग्रस्त सहकारीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले पनि अनुसन्धान थालेको प्रधानमन्त्री दाहालको (क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## घरेलु कामदारको अधिकार सुनिश्चित गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु कामदारहरूको अधिकार सुनिश्चित गर्न 'आईएलओ महासन्धि १८९' अनुमोदन गर्नुपर्नेमा अधिकारवादीहरूले माग गरेका छन् । घरेलु श्रमिकको हकअधिकारका विषयमा आवाज उठाउँदै आएका अधिकारवादीहरूले अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर बिहीबार राजधानीमा घरेलु श्रमिकको संरक्षण तथा अधिकारको सुनिश्चितताको लागि महासन्धि १८९ तत्कालै अनुमोदन गर्नुपर्ने माग गरेका हुन् ।

विश्वभरी सात करोड ५० लाख घरेलु कामदार रहेको भन्दै उनीहरूको अधिकार सुनिश्चित हुनुपर्ने आमकास नेपालकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठले बताइन् । जसमा ८० प्रतिशत बढी महिलाहरू रहेको उनले जानकारी दिइन् । विश्वका ३६ वटा मुलुकले आइएलओ महासन्धि १८९ अनुमोदन गरिसकेको भन्दै घरेलु श्रमिकका सबै किसिमका हकअधिकार सुनिश्चितका लागि नेपालले पनि तत्काले उक्त महासन्धि अनुमोदन गर्नुपर्नेमा श्रेष्ठले जोड दिइन् । 'नेपालले महासन्धि अनुमोदन नगर्दा घरेलु श्रमका लागि विदेश जान नेपाली घरेलु कामदारमाथि सरकारले नै बन्देज लगाएको छ,' उनले भनिन्, 'जसका कारण घरेलु कामदारमा नेपालले लगाउँदै आएको बन्देजले लैंगिक भेदभावसमेत बढाएको छ ।'

सरकारले घरेलु कामदारमाथि बन्देज लगाउँदा अवैध बाटो हुँदै जाने क्रम नरोकिएको उनले बताइन् । बन्देजले महिलाहरू यौन शोषण तथा बेचबिखनमा पर्ने समस्या बढेको उनको भनाइ छ । नेपालले अन्तर्राष्ट्रिय श्रम मापदण्डप्रतिको प्रतिबद्धता पूरा गर्न पनि महासन्धि अनुमोदन गर्नुपर्नेमा जोड दिइन् । आमकास नेपालले केही दिनअघि गरेको सामुहिक छलफलमा अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल, नेपालकी अभियान संयोजक अस्मिता सापकोटाले घरेलु कामदारको भूमिका महत्वपूर्ण भएपनि उनीहरूको योगदानलाई समाजले गणना नगरेको बताइन् । उनले घरेलु श्रम गर्न विदेश जानेहरू माथि लगाइएको प्रतिबन्धले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको बताइन् । यसको लागि नेपालले आइएलओ महासन्धि १८९ अनुमोदन गर्नैपर्ने अवस्था रहेको उनको भनाई छ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयुसीसी)का अध्यक्ष योगेन्द्र कुमार कुँवरले ट्रेड युनियनहरूले घरेलु कामदारहरूको अधिकारको वकालत निरन्तर गरिरहेको बताए । उनले घरेलु कामदारले भोग्ने प्रणालीगत अन्यायलाई सम्बोधन गर्न र उनीहरूको संरक्षण सुनिश्चित गर्न नागरिक समाज, ट्रेड युनियन र सरकारको सामूहिक प्रयासको खाँचो औंल्याए ।

घरेलु कामदारको सन्दर्भमा घरेलु श्रम गर्न जानेहरूमाथि लगाइएको प्रतिबन्ध विस्तारै खोल्दै जाने तयारीमा रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेलले बताए । सन् २०२४ को अन्त्य वा २०२५ को सुरुमै आइएलओ महासन्धि १८९ अनुमोदन गर्ने गरी मन्त्रालयले अध्ययन गरिरहेको पनि जानकारी दिए ।

## ३३७ जना ठगीका आरोपी तामाङ थुनामा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार न्यायाधिकरणले वैदेशिक रोजगार कसुरमा विकास बाइवा भन्ने सुजन तामाङ र अर्जुन तामाङ भन्ने कर्मा तामाङ पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ ।

न्यायाधिकरणका अध्यक्ष कृष्ण गिरी, सदस्यद्वय निशा बानियाँ, उद्धबप्रसाद पुडासैनीको इजलासले निजहरूविरुद्ध तीन सय ३७ जनाको किटानी जाहेरी परेको तथा पाँच करोड ५० लाख भन्दाबढी रकम हिनामिना गरेकाले पुर्पक्षका लागि पठाउने आदेश गरेको हो । यूरो विइङस एजुकेसन कन्सल्ट्यान्सीको नाउँमा तामाङद्वयले वैदेशिक रोजगारीमा माल्टा, क्रोएसिया, क्यानडा, पोल्याडलगायत देशमा पठाइदिन्छौँ उक्त रकम ठगी गरेका थिए ।

तामाङद्वयले वैदेशिक रोजगारीमा नपठाएपछि वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कारबाही गरि पाउँ भनी लक्ष्मण कटुवालसमेत तीन सय ३७ जनाको किटानी जाहेरी परेकामा अनुसन्धानको क्रममा कागज गर्ने इन्द्रमाया गुरुङ समेतले जाहेरी दिएकी थिइन् ।

न्यायाधीकरणले यूरो विइङस एजुकेसन कन्सल्ट्यान्सी विकास वाइबाको नाउँमा दर्ता भएको तर वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिएको पाइएको छ । विदेश जानका लागि प्रक्रियामा पैसा लाग्ने भन्दै सानिमा विकास बैंक र एनएमबी बैंकको खातामा रु पाँच करोड ५१ लाख १४ हजार पाँच सय १० जम्मा गर्न लगाइएको पीडितहरूले बयान दिएका थिए । 'अभियोगमा उल्लेखित दसीको रूपमा दाखिला हुन आएका वा १८ च ३५१४ नम्बरको क्रेटा गाडी र बा १५ च ४१९२ (क्रमशः पृष्ठ २ मा)




## गठबन्धन फेरिएपछि

# प्रधानमन्त्री–कांग्रेस नोकझोंक

■ प्रभाव संवाददाता





**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले संविधानविरोधी कित्तामा कांग्रेस उभिँदै गएको र सरकारलाई समेत असहयोग गरेका कारण तत्कालीन गठबन्धन बदलेको स्पष्ट पारेका छन् । त्यसक्रममा उनले प्रधानमन्त्री पदको जोखिम नै उठाएको बताए ।

बिहीबार संसद् बैठकमा सांसदहरूले यसअघि उठाएका सवालको जवाफ दिँदै प्रधानमन्त्री दाहालले कांग्रेस महासमिति बैठकमा प्रस्तुत राजनीतिक परिवर्तन र हिन्दु धर्मको पक्षमा भएको हस्ताक्षर संकलनले संविधानप्रति कांग्रेसको प्रतिबद्धतामा शंका गर्न सकिने बताए ।

'संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको अनि समावेशी, धर्मनिरपेक्ष र समाजवादउन्मुख संविधान निर्माणको मुख्य साझेदार दल रहेको नेपाली कांग्रेसले महासमिति बैठकमा स्टल नै राखेर जसरी धर्मका नाममा हस्ताक्षर अभियान चलायो', उनले भने, 'त्यसले संविधानप्रतिको कांग्रेसको प्रतिबद्धतामाथि पनि एक हदसम्म प्रश्न उठाउने ठाउँ बन्न गयो ।'

प्रधानमन्त्री दाहालले कांग्रेसको संस्थापनइतर पक्षले पूरै असहयोग गरेको आरोप लगाए । सोहीकारण माओवादी नेता कार्यकर्ताहरूमा कांग्रेसबाट असहयोग भएको मनोविज्ञान पटकपटक विकास भएको बताए ।

'निर्वाचनमा नेकपा माओवादी केन्द्रले नेपाली कांग्रेसलाई जुन तहमा सघायो, त्यही तहमा आफूले सहयोग पाएन भन्ने मनोविज्ञान देशभरी नै थियो । त्यसले आपसी विश्वास केही कमजोर बनाएकै थियो', दाहालले भने, 'निर्वाचनपछि नेकपा माओवादीले सरकारको नेतृत्व दिने सहमतिबाट नेतृत्व पछि हट्दा त्यसले एउटा अर्को मनोविज्ञान बन्न गयो ।'

राजनीतिक परिस्थिति फेरिएर फेरि गठबन्धनमार्फत् जोडिएपछि पनि कांग्रेसको शेखर समूहबाट घात बारम्बार भएको प्रधानमन्त्री दाहालले गुनासो गरे । माओवादीविरुद्ध उक्त समूहले विद्रोह नै गरेको भन्दै असन्तुष्टि प्रकट गरे ।

'कोशी प्रदेशमा त कांग्रेसको एउटा समूहले माओवादीका विरुद्ध एक किसिमको विद्रोह नै गर्‍यो । गठबन्धनको नैतिकताको कसीमा त्यो दण्डित हुनुपर्थ्यो तर त्यसो हुन सकेन । बरु भयो पुरस्कृत', दाहालले भने, 'राष्ट्रियसभा निर्वाचनमा त्यही पक्षले माओवादी उम्मेदवारलाई अन्तर्घातबाट पराजित नै गर्‍यो ।'

कांग्रेस महासमिति बैठकमा माओवादी 'जनयुद्ध'लाई बिद्रुपीकरण गरेको र २०४७ सालकै संविधान ठीक भन्ने आशयको राजनीतिक प्रतिवेदन वितरण गरिएको पनि बताए । यसले कांग्रेस-माओवादीबीच सैद्धान्तिक र वैचारिक विषयमा समेत शंका र अविश्वासको वातावरण पैदा गरेको बताए । गठबन्धन बदल्नुको अर्को कारण भने महासमिति बैठकमा भएको गठबन्धनबारेको बहसलाई राजनीतिक र विवेकपूर्ण मान्न नसकिएको उल्लेख गरे ।

'बिना सन्दर्भ त्यही गठबन्धनले कांग्रेसलाई पहिलो पार्टी बनाएको थियो भन्ने बिर्सेर घाँडो भएको जसरी चर्चा परिचर्चा, छलफल र एक हदसम्म निष्कर्ष निकालियो गठबन्धनकै विरुद्ध', दाहालले भने, 'निर्वाचन आउन चार वर्ष बाँकी छँदै गठबन्धनका साझेदारहरूमाथि अनावश्यक र बेमौसमको मानमर्दन कतैबाट विवेकपूर्ण र राजनीतिक मान्न सकिएन ।'

अर्कोतिर, कांग्रेसका मन्त्रीहरूले आफूलाई अन्याय गरेको दाहालको दुःखेसो छ । परिणामतः आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार राष्ट्र निर्माणका लागि गठबन्धन नै बदलेको पनि बताए ।

'सुशासन र समृद्धिको तीब्र आकाङ्क्षा बोकेको प्रधानमन्त्रीका रूपमा मलाई जति न्याय गर्नुपर्थ्यो । त्यति न्याय गर्नुभएन । म सरकारको गतिसँग असन्तुष्ट छु भनेर पटकपटक भनिरहेकै थिएँ', दाहाल भन्छन्, 'मसँग दुई विकल्प थिए, औसत र तदर्थ सरकार चलाएर पदको रक्षा गरिरहने कि पदको जोखिम उठाएरै भए पनि आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार राष्ट्र निर्माणमा लाग्ने ? र मैले दोस्रो विकल्प रोजें ।' उनले कांग्रेससहितको गठबन्धनमा रहँदा इमान र अरुसँग गठबन्धन गर्ने बित्तिकै बेइमान नहुने पनि बताए ।

दाहालले सोमबार कांग्रेससम्मिलित गठबन्धन परिवर्तन गरेका थिए । वर्तमान गठबन्धनमा एमाले पनि छ । यसलाई लिएर कांग्रेसले प्रधानमन्त्री दाहालले राजनीतिक बेइमानी गरेको निष्कर्ष निकालेको छ ।

बिहीबार पनि दाहालपछि बोलेका कांग्रेस प्रमुख सचेतकले दाहालबाट कांग्रेसले धोका पाएको बताए । जनमतको पनि अपमान गरेको बताए । उनलाई चेतावनी दिँदै लेखकले भने, 'म त कुन निष्कर्षमा पुगेँ भने अब धोका दिन कोही बाँकी रहेन । एकचोटी सोच्नु, सबै धोका पाएकाहरू एकदिन तपाईंका विरुद्धमा उभिए भने कहाँ पुग्नुहोला ? हेक्का राख्नूहोला ।'

कांग्रेसले प्रधानमन्त्रीका रूपमा दाहाललाई दिएको समर्थन बुधबार नै फिर्ता लिइसकेको छ । अबको २८ दिनभित्र दाहालले संविधानको धारा १०० को उपधारा २ अनुसार विश्वासको मत लिनुपर्छ । तर, दाहालले केही दिनमै विश्वासको मत लिन चाहेका छन् । कांग्रेस प्रमुख सचेतक लेखकले विश्वासको मत लिन प्रधानमन्त्री दाहाललाई चुनौती दिए ।

### एमालेको खबरदारी र धक्कु

प्रतिपक्षबाट सत्तापक्षको बेञ्चमा सरुवा भएका एमाले सांसदहरू बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहालको बचाउमा लागे । उपाध्यक्ष विष्णु पौडेलले नयाँ सत्ता समीकरण संवैधानिक भएको र त्यसलाई सामान्य रूपमा लिन कांग्रेसलाई आग्रह गरे । सत्ता समीकरणलाई लिएर छटपटी र बेचैनी उचित नभएको बताए । 'यो तहको पीडा, छटपटी, आक्रोश व्यक्त गर्न आवश्यक थिएन । यसलाई सहज र स्वाभाविक रूपमा लिनका लागि, संवैधानिक पहलका रूपमा लिन आग्रह गर्न चाहन्छ', पौडेलले भने । उनले एमाले-माओवादीसहितको गठबन्धन आगामी निर्वाचनसम्मै जाने दाबी गरे ।

प्रमुख सचेतक महेश बर्तौलाले प्रधानमन्त्री दाहाललाई काँध फेर्ने छुट नभएको बताएका छन् । 'एमालेसहितको सरकार बनेको छ । आसन परिवर्तन भएको छ । भूमिका फेरिएको छ', उनले प्रधानमन्त्री दाहाललाई भने, 'देशप्रतिको जवाफदेहिता फेरिएको छैन । यो सरकारले जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ । लोसो हुने छुट छैन । असफल हुने छुट छैन । हिँड्दाहिँड्दै काँध फेर्ने छुट छैन ।'

संसद बैठकमा बोल्ने अन्य सांसदहरूले पनि दाहाल नेतृत्वको गठबन्धन सरकारलाई बधाई ज्ञापन गरे ।

तर, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन सरकारप्रति आक्रोशित सुनिए । उनले सत्तामा जान राप्रपा चाहेको तर गठबन्धन दलहरूले अस्वीकार गरेको भनेर भ्रम छरिएको भन्दै रोष प्रकट गरे । केही दिनपछि भने राप्रपा चाहियो भन्ने अवस्था सिर्जना नगर्न उनको चेतावनी छ ।

## पृष्ठ १ बाट क्रमशः

### ३३७ जना...

नम्बरको टकसन गाडीसमेत हस्तान्तरण नपाउने गरी रोक्का राख्न सम्बन्धित यातायात कार्यालयमा लेखी पठाइ उक्त गाडी यस न्यायाधिकरणको जिन्सी खातामा आम्दानी बाँधी सुरक्षित राख्नू, ल्यापटप, मोबाइलसमेतका जिन्सी समानको आम्दानी बाँध्नू र अभियोग साथ दाखिल हुन आएको नगद रकम धरौटी आम्दानीमा बाँध्नू,' आदेशमा भनिएको छ । पीडितको उजुरीपछि नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले ती गाडीलाई नियन्त्रणमा लिएको छ ।

अदालतले उक्त मुद्दामा मिसिल संलग्न किटानी जाहेरी दरखास्त इन्द्रमाया गुरुङ समेतले मौकामा गरेको कागज, जाहेरवाला विजयकुमार तिमिल्सिना समेतले गरिदिएको सनाखत मुचुल्का, प्रतिवादीको बैंक खातामा रकम जम्मा भएको देखिने बैंक भौचर, बैंक स्टेटमेन्टले उनीहरू निर्दोष हुन् भन्न सकिने अवस्था नरहेको ठहर गरेको छ ।

आदेशमा भनिएको छ, 'पीडितको संख्या, कसुरको बिगो र प्रतिवादीबाट हुनसक्ने थप जोखिम विश्लेषणपछि प्रमाण बुझ्दै जाँदा ठहरबमोजिम हुनेगरी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश पर्चा गरिदिएको छ,' गरिएको छ ।

आदेशमा अदालतबाट अन्तिम भएको फैसला कार्यान्वनलाई सहज र प्रभावकारी बनाउने, मुद्दाको कारबाहीको क्रममा प्रतिवादीबाट प्रमाण लोप हुनबाट जोगाउने, अभियुक्तप्रतिको सामाजिक आक्रोश कम गर्ने, मुद्दाको कारबाहीको क्रममा अभियुक्तको उपस्थितिलाई सुनिश्चित गर्ने, अपराधबाट पीडित बन्न पुगेका पक्षलाई न्यायको अनुभूति दिलाउनुपर्ने उल्लेख गरिएको छ ।

आदेशमा भनिएको छ, 'अभियुक्त स्वयम्को सुरक्षाको प्रत्याभूति दिने, मुद्दाको कारबाहीको क्रममा पीडित तथा साक्षीलाई हुनसक्ने सम्भावित जोखिमलाई कम गर्ने गरी पीडित तथा साक्षीको सुरक्षा गर्ने र अभियुक्तलाई पुनः अपराध गर्नबाट रोक्ने जस्ता थुनछेकका उद्देश्यलाई विचार गरी थुनछेकको आदेश गर्नुपर्ने हुन आउँछ ।'


## Gadhi Rural Municipality
### Office of The Rural Municipal Executive
Gadhi, Sunsari
Koshi Province, Nepal

### LETTER OF INTENT (LOI)

*Date of Publication: 2080-11-25*

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as published on 2080/07/24 (2023-11-10) to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract Id No. | Project Name | Substantially, Responsive Lowest Evaluated Bidders | Bid Amount (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | GRM/WORKS/SQ/TB-02/2080/081 | Fabrication of Truss Bridge at Gadhi Khola Ward No. 2 | S.K. Engineering Industries. 1096670.80 Butwal-10 | 1096670.80 |

Chief Administrative Officer



## पाटन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८०/११/२४

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत मिति २०८०-०९-०८ मा सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित बोलपत्र (Single Stage Double Envelope) ठेक्का नं. **NCB/PTN/BAITADI/05/080-81, The construction of school building of Shree Bhumeshwor Secondary School, Patan Municipality-4, Bagadi, Baitadi** आव्हान सम्बन्धि सूचना अनुसार तोकिएको म्याद भित्र PPMO को e–Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन समेत) को नियम ३१(ङ) को उपनियम ७ बमोजिम सारभूत रूपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्ये बाट न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावाग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक ऐन २०६३ संसोधन समेत) को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| Rank | Name Of The Bidder | Bid Amount (Including VAT and PS) | % Higher (+) or Lower (-) than Estimate |
|---|---|---|---|
| 1. | M/S Shivling/Khaptad/Bishnu JV | 35693001.21 | -22.89 |

प्रमुख प्रशासकीय अधिकृत



## युएईमा वैदेशिक रोजगारको अवसर

ACC ARABIAN CONSTRUCTION CO.

कम्पनी : ARABIAN CONSTRUCTION CO. LLC
पूर्व स्वीकृति मिति २०८०/११/२४ LT. No. 301300 चलानी नं. ६०२१६१६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 50 | 0 | 800 | २८,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 20 | 0 | 1200 | ४३,२३५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४३,२३५ | | | | | | | |
| 4 | Steel Fixer | 100 | 0 | 1200 | ४३,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
गल्फ ट्रेनिङ सेन्टर जनकपुर (बज्राङ चोक) मा — मिति: २०८० चैत २ गते (15 Mar. 2024) मा हुनेछ ।
राम जानकी ट्रनिङ सेन्टर जनकपुर धाम ७ (जेरो माइल) मा — मिति: २०८० चैत ३ गते (16th Mar. 2024) मा हुनेछ ।
बाजेको सेकुवा, पोखरामा — मिति: २०८० चैत ६ गते (19 Mar. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा — मिति: २०८० चैत ७ गते (20th Mar. 2024) मा हुनेछ ।
गल्फ ट्रेनिङ सेन्टरको लागि सम्पर्क: ९८०१६०७०९५
राम जानकी ट्रेनिङ सेन्टरको लागि सम्पर्क: ९८०१३०३१३१
चितवन शाखाको लागि सम्पर्क: ९८५५०६३६३५
पोखराको लागि सम्पर्क: ९८०५८१६१९३

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Email : info@grgnepal.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCE PACKAGING TECHNOLOGY (M) BHD
पूर्व स्वीकृति मिति :२०७९/१२/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ LT. No. 284453 चलानी नं. ६०१९९९१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gurung Management Overseas Pvt. Ltd.**
Govt. License 404/060/061
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np
Website : www.gurungoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANARAT NAHARYA CONTRACTING WLL
पुर्व स्वीकृति मिति २०८०/११/२४ LT. No. 301193 चलानी नं. ६०२१६१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,६७५ | | | | | | | |
| 3 | Labour | 4 | 0 | 1000 | ३६,२७० | | | | | | | |
| 4 | Plaster Worker | 2 | 0 | 1100 | ३९,८९५ | | | | | | | |

कम्पनी : BIN HAMAD MAINTENANCE EST
पुर्व स्वीकृति मिति २०८०/११/२३ LT. No. 301194 चलानी नं. ६०२१६१५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## पृष्ठ १ बाट क्रमशः

### मुख्यमन्त्रीका...

दाहालसँग छलफलसमेत गरेका छन् । त्यतिमात्रै हैन चौधरी कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि निरन्तर छलफलमा छन् । सकेसम्म मुख्यमन्त्रीकै लागि जोड गर्ने नभए प्रभावशाली मन्त्रालय हत्याउने चौधरीको रणनीति छ ।

उन्मुक्तिको तर्फबाट प्रदेश सरकारमा रामेश्वर चौधरीले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्हालेका छन् । कैलाश चौधरी सोही मन्त्रालयका राज्यमन्त्रीका रूपमा छन् । प्रदेश सभा सदस्य लक्ष्मण किशोर चौधरीले मुख्यमन्त्रीमा नागरिक उन्मुक्तिको दाबी रहेको बताए । 'हाम्रा अध्यक्ष रेसम चौधरीले बोली सक्नुभएको छ । हाम्रो दाबी स्वभाविक हो । हामीले अन्य दललाई सम्मानजनक रूपमा सहयोग गरेका छौं,' किशोरले भने ।

#### एमाले र माओवादीको पनि दाबी

यता नेकपा एमाले र माओवादीबीच पनि होडबाजी चलिरहेको छ । एमाले संसदीय दलका नेता राजेन्द्र रावल सरकारको नेतृत्व एमालेले गर्ने बताउँछन् । रावल सुदूरपश्चिम प्रदेशका पूर्व मुख्यमन्त्री समेत हुन् । २०७९ को निर्वाचनपछि केन्द्रीय सरकारकै समीकरणअनुसार सुदूरपश्चिममा पनि नेकपा एमालेको नेतृत्वमा नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ति र राप्रपा गठबन्धनको सरकार बनेको थियो ।

पुस २७ गते एमाले संसदीय दलका नेता राजेन्द्र रावल मुख्यमन्त्रीमा नियुक्त भएका थिए । एक महिनाभित्रै मुख्यमन्त्रीले विश्वासको मत लिइसक्नु पर्ने संवैधानिक व्यवस्था छ । तर मुख्यमन्त्री रावलले विश्वासको मत लिन ढिला गरे । त्यसको केही समयमै केन्द्रमा सरकार समीकरण फेरियो । विश्वास लिने अन्तिम दिन मुख्यमन्त्री रावललाई नागरिक उन्मुक्ति पार्टीले मत नदिएपछि उनी नेतृत्वको सरकार ढलेको थियो । अहिले फेरि पुरानै समीकरण बनेपछि पुन मुख्यमन्त्री बन्ने दाउमा रावल छन् । 'पुरानै भागबन्डाको शैलीमा केन्द्रमा समीकरण वनेको छ । प्रदेशको हकमा पनि त्यहीं हो । हामीले दाबी गरी रहनै परेन यद्यपि आन्तरीक छलफलमा हामी छौं,' रावलले भने ।

मुख्यमन्त्री सजिलै छोडी हाल्ने पक्षमा नेकपा माओवादी केन्द्र पनि छैन । केही समय अधिमात्रै आफ्नै संसदीय दलका नेता परिवर्तन गरेको नेकपा माओवादीले मुख्यमन्त्रीका लागी सरगर्मी बढाएको छ ।

गत माघमा दलको उपनेता अक्कलबहादुर रावलको अध्यक्षतामा बसेको बैठकले दलका नेता खगराज भट्टलाई परिवर्तन गरी मानबहादुर धामी 'सन्तोष' लाई चयन गरेको थियो । धामी पूर्व मन्त्रीसमेत हुन् ।

प्रदेश सभा सदस्य शिवसिंह ओली नेकपा माओवादी केन्द्रकै नेतृत्वमा प्रदेश सरकार गठन हुन सक्ने बताउँछन् । 'वर्तमान सरकार असफल भइसकेको छ । विश्वासको मत नपाएर ढल्नु भन्दा राजीनामा दिएर मार्ग प्रशस्त गर्नु राम्रो हो । अब हाम्रै नेतृत्वमा सरकार बन्न सक्छ । समाजवादी र नागरिक उन्मुक्ति पनि हामी प्रति सकारात्मक छ हामी आन्तरिक छलफलमा छौं,' ओलीले भने ।

■■■

### आरोपित...

भनाई छ । 'समस्याग्रस्त घोषणा गरिएका र समस्याउन्मुख देखिएका सहकारीका सञ्चालक र व्यवस्थापक एवं सम्बन्धित पदाधिकारीहरूबाट नागरिकको बचत रकम अपचलन र आर्थिक अनियमिततामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट समेत अनुसन्धान भइरहेको छ,' प्रधानमन्त्री दाहालले भने । गृहमन्त्री लामिछानेमाथि पनि सहकारी ठगीको आरोपमा सिआइबीले अनुसन्धान गरिरहेको छ । जबकि सिआइबीको नेतृत्वमा भने उनी नै पुगेका छन् । यसअघि लामिछाने दोहोरो नागरिकता लिएको आरोप चलिरहँदा गृहमन्त्री बनेका थिए । उनले दोहोरो नागरिकता लिएको पुष्टि भएपछि उनको सांसद पद, मन्त्री पद एकैचोटि गएको थियो । गत वैशाख १२ गतेको उपनिर्वाचनबाट लामिछाने पुनः चितवन-२ बाट निर्वाचित भएका हुन् ।

उनीबारे राहदानी दुरूपयोगमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दा विचाराधीन छ । सँगै प्रधानमन्त्री कार्यालय मातहत रहेको सम्पत्ति शुद्धीकरण विभागले पनि लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत छानबिन गरिरहेको छ ।

वित्तीय सहकारीको नियमन गर्नुपर्ने माग उठेकोमा यसकारे कुनै निर्णय हुन सकेको छैन । डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा वित्तीय सहकारी संस्थाको नियमनका लागि दोस्रो तहको नियामक निकाय बनाउने कानुनको तयारी थालिएको थियो । यही कानुन अनुसार समस्याग्रस्त सहकारीमा मुछिएका व्यक्तिहरूलाई पक्राउ गर्ने तयारीसमेत सरकारले गरेको थियो । तर कानुनको मस्यौदा भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयमा पुगेर अड्किएको छ । सहसचिव कृष्णप्रसाद सापकोटाले मस्यौदा तयार पार्न नसकेपछि सबै काम रोकिएको मन्त्रालयका कर्मचारीहरू आरोप छ । मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी भने कानुनको मस्यौदा अन्तिम चरणमा रहेको बताउँदै आलटाल गर्छन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १८४७४१/०७४/०७५** को **होम हेल्थ प्रा.लि**. को मिति २०८०/०९/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटर: राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१**
**फोन नं. ०१-४३६०२७५, ९८५१०६८४११, ईमेल : clnpservice@gmail.com**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

**कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७१/०७/१४ मा दर्ता भएको प्रा.लि. नं. १२७८२३/०७१/०७२ को एक्टोस मल्टिपर्पोज कम्पनी प्रा.लि. को मिति २०८०/११/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।**

लिक्विडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगाना: का.म.न.पा. वडा नं. २९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CUBE ARCHITECTURE OFFICE
पूर्व स्वीकृति मिति: २०८०/११/२३ LT No. 301222 चलानी नं. ६०२१६११६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-WESAM AL-KHALEEJI ESTABLISHMENT FOR CATERING SERVICES
पूर्व स्वीकृति मिति: २०८०/११/२३ LT No. 301261 चलानी नं. ६०२१६११५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 3 | 0 | 1800 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL
पूर्व स्वीकृति मिति २०८०/११/२३ LT. No. 301270 चलानी नं. ६०२१६०८१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | LABOUR | 30 | 0 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।**
**होटल सेन्टर पोइन्ट र होटल टाइमलेस, बिर्तामोड, झापामा मिति: २०८० फागुन २८ र २९ गते (11/12 Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOLUTION MAKER INTERNATIONAL LIMITED
पूर्व स्वीकृति मिति २०८०/११/२३ LT. No. 301207 चलानी नं. ६०२१६१२८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARKLE HOUSE CLEANING AND HOSPITALITY
पूर्व स्वीकृति मिति : २०८०/११/२२ LT. No.301083 चलानी नं. ६०२१६०२४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 1700 | ६१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 1 | 2 | 1000 | ३६,२७० | | | | | | | |
| 3 | Receptionist | 0 | 2 | 1100 | ३९,८९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL OPERATION COMPANY FOR OPERATION AND MAINTENANCE
पूर्व स्वीकृति मिति: २०८०/११/२४ LT. No.301151 चलानी नं. ६०२१६११९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food And Beverage Counter Worker | 15 | 0 | 1000 | ३५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worke | 10 | 0 | 1000 | ३५,२०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : S.K. FONG NURSERY SDN.BHD
पुर्व स्वीकृति मिति २०८०/०५/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ LT. No.292131 चलानी नं. ६०२०७६८७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Harvesting & Post-harvest Workers | 7 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## साबित्री इण्डष्ट्रि प्रा.लि. काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. ३ मा अगरबत्ती, पिताम्बरी, कपुर, अबिर, केसरी उत्पादन गर्ने उद्योग स्थापना गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षणको (IEE) सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति: २०८०/११/२५**

काठमाडौं जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ३ कित्ता न. ५१, ५६, ६०,११६,११७,११९ को जम्मा क्षेत्रफल २,२५७५६ वर्ग मिटर (४-७-०-०) जग्गामा साबित्री इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिम प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | साबित्री इण्डष्ट्रि प्रा.लि.<br>चन्द्रागिरी नगरपालिका वडा नं. ३, काठमाडौं<br>फोन नं: ९८०२३४४३१६<br>ई-मेल: email2sipl@gmail.com |
| **प्रस्तावकको व्यहोरा** | चन्द्रागिरी नगरपालिका वडा नं. ३, काठमाडौं कित्ता न. ५१,५६,६०,११६,११७,११९ को जम्मा क्षेत्रफल २,२५७५६ वर्ग मिटर (४-७-०-०) जग्गामा वार्षिक ७०० मे.ट. अगरबत्ति थान उत्पादन गर्नु, वार्षिक २०० मे.ट. अबिर, केसरी उत्पादन गर्नु, वार्षिक २५० मे.ट. पिताम्बरी पाउडर उत्पादन गर्नु, वार्षिक २५ मे.ट. कपुर उत्पादन गर्न, |
| **प्रभाव पर्न सक्ने जिल्ला, नगरपालिका** | चन्द्रागिरी नगरपालिका वडा नं. ३, काठमाडौं |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिबेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, संस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भन यकिन गर्न चन्द्रागिरी नगरपालिका वडा नं. ३, क्षेत्रको विद्यालय, आस्पताल, स्वस्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाब पठाउने ठेगाना:**
**प्रस्तावकको नाम र ठेगाना: साबित्री इण्डष्ट्रिज प्रा.लि.**
**चन्द्रागिरी नगरपालिका वडा नं.३, काठमाडौं**
**फोन नं: ९८०२३४४३१६, ई-मेल: email2sipl@gmail.com**
**परामर्शदाताको नाम र ठेगाना: जियोस्पासल एन्ड इन्भाएरमेन्टल सोलुसन्स**
**सुर्यविनायक-२, भक्तपुर**
**फोन नं: ९८६०३२२१२४, ईमेल: gesolutions.nepal@gmail.com**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: DAEM MODERN SUPPORT SERVICES CO
पूर्व स्वीकृति मिति २०८०/११/२४ LT. No.301221 चलानी नं. ६०२१६१२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम इजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC BURGER RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/११/२३ LT. No. 301177 चलानी नं.६०२१६०८५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | BURGER CHEF | 3 | 0 | 150 | ६४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOLPHIN HOLDINGS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ LT. No. 283738 चलानी नं.६०१९९२६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERO MALTECH INDUSTRIES (M) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ LT. No. : 286259 चलानी नं.: ६०२०१६५२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 16 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सहज छैन नयाँ अर्थमन्त्रीलाई

नयाँ गठबन्धनका 'गेमचेन्जर'का रूपमा चिनिएका वर्षमान पुनले शक्तिशाली मन्त्रालयका रूपमा चिनिने अर्थमन्त्रालय सम्हालेका छन् । अर्थलाई मन्त्रीहरूमध्येकै सुपर मन्त्रीका रूपमासमेत हेरिन्छ । अर्थमा वर्षमानको आगमन १२ वर्षपछिको हो । डा बाबुराम भट्टराईको पालामा २०६८ मा १८ महिना अर्थमन्त्री बनेका थिए ।

त्यतिबेला उनी अर्थमन्त्री भए पनि बजेट भने ल्याउन परेन । बाबुराम अर्थतन्त्रका ज्ञाता भएकै कारण वर्षमानलाई काम गर्न सहज बनेको थियो त्यतिबेल । उनै वर्षमान अहिले अर्थतन्त्रमा समस्याका चाङमाथि मन्त्रालय सम्हाल्न आइपुगेका छन् । राजश्व लक्ष्यअनुसार उठिरहेको छैन । लघुवित्तमा समस्या बढेको छ । सहकारीको समस्या उस्तै बढ्दो छ । मिटरब्याज पीडितको समस्या दिनानुदिन चर्कँदो छ । बैंकहरू ऋण प्रवाह गर्न डराइरहेका छन् । आर्थिक सन्तुलनको चक्र ठप्प रहेको बेला अर्थमा पुनको आगमन भएको हो ।

सरकारमा चौथोपटक यात्रा गरिहेका पुनलाई योपटक त्यति सजिलो छैन । प्रिबजेटमा छलफल शुरु भइसकेको छ । बैदेशिक लगानी नहुँदा नेपालको अर्थतन्त्र खस्कने क्रम बढ्दो छ । विश्वसनीय र भरपर्दो रोजगारी नहुँदा युवाहरू बिदिसिने क्रम बढ्दो छ । शैक्षिक क्षेत्रको लगानी विदिसिने क्रम जारी छ । निश्चित कोटामा परीक्षा दिन नपाउँदै बालकुमारीमा दुई जनाले ज्यान गुमाएको घटनाले रोजगारी कति विकराल छ भन्ने देखाउँछ । यावत विषयहरूमात्र हैन पछिल्लो समय विकास बैंक, मझौला बैंकहरूको लगानी वैदेशिक शिक्षामा गइरहेको छ । सहकारीपछिको समस्या अब यी बैंकमा देखिने छ ।

यसप्रति सरकार खासै सचेत देखिन्न । रेमिटचान्समा रमाएर सरकार विदेशी मुद्र गनेर दंग परिरहेको छ । देशमा औसत उत्पादन घटिरहेको बेला आधा वर्षलाई पुग्ने विदेशी सञ्चितीमा रमाउनु कति पनि ठीक होइन । अघिल्ला अर्थमन्त्री डा प्रकाशशरण महतले यही रेमिटचान्स, विदेशी मुद्राको सञ्चितीमै गीत गाएर कार्यकाल सकाए । लगानी गर्न हिच्किचाउने, बैंकिङ प्रवाह ठप्प पार्ने प्रकारका कामले अर्थतन्त्र उभो लाग्दैन । यसका लागि अर्थतन्त्रको चक्रलाई खुकुलो पार्नुपर्छ । एकातिर बचतकर्ताको रकम फिर्ता नदिने, अर्कोतिर बैंकको पैसा तिर्नुपर्दैन भनेर अभियान चलाउनेलाई राज्यले कुनै कारबाही नगर्ने प्रवृत्तिले आर्थिक चक्र बिग्रेको छ । घरजग्गाको कारोबारदेखि अरु क्षेत्रको लगानीमा यस्तै विस्फोटले अहिले अर्थतन्त्र रुमल्लिएको हो । यसलाई रिनोभेट नगरेसम्म अर्थतन्त्र सुध्रन मुश्किल छ । कि त घरजग्गा व्यवसायलाई सरकारले नियन्त्रणमा ल्याउन सक्नुपर्‍यो, नभए यसको विकल्प तयार नपारेसम्म अर्थतन्त्र टक्सेर बस्ने निश्चित छ ।

## मननयोग्य

### चाणक्य नीति

जीवाक्ष त्यै गुप्तचर थियो जो विषकन्यासँग गएको थियो । चाणक्यद्वारा बन्दी भएको थियो । नजिकै आएपछि जीवाक्षले विराधको चरण छोयो। अपरिचितले नमस्कार गर्‍यो ।

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारबाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरबाट बल्लबल्ल बच्ची । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने । सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यबाट परिचित थिएन ।

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसका रहस्य जान्न एक सामा चाल थियो यागको वास्तविकता थियो जीवनलाई छुटाउन पि ज्ञ व्यक्ति को एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो । उनलाई मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो ।

उनले आफ्ना मृत्युका मुखमा घुमाएर गुप्तभन्दा गुप्त रहस्यहरू पाउन तयार पारेका थिए। यसकै परिणामस्वरूप ने राक्षसद्वारा पुरु तथा मलय र अन्य पांच राजास पाटलीपुत्र (पटना) मा आक्रमण गर्ने सूचना पाएका थिए चाणक्यले ।

पाटलीपुत्र (पटना) को दरवार, सबै राजदवारिया आफ्ना स्थान अनुशासित भई बसिसकेका छन् । विगुलको स्वरसँगै उद्घोषको महाराज चन्द्रगुप्त आउदै हुनुहुन्छ भन्ने घोषणा सुनियो। अर्को घोषणा प तेजस्वी महानीतिज्ञ मगधका भाग्यविधाता महात्मा चाणक्य दरवारमा हुनुहुन्छ भन्ने पनि ।

एउटा बीर सेनापतिको जस्तो चालले चन्द्रगुप्त सिंहासनमा आई बसे । नजिकै भव्य सिंहासनमा बस्नुभन्दा पूर्व चारैतिर नजर लगाई हेरे आसनमा बस्दै बन्दीसेल्युकसलाई ससम्मान उपस्थित गराउने आदेश दिए । केहीबेरपछि सेल्युकस पराजित योद्धाजस्तै गर्दन झुकाई राज्यसभामा प्रवेश गर्‍यो ।

चाणक्यले आफै खडा भई सेल्युकसको स्वागत गर्दै भने- ' को मगध साम्राज्यका युनानका सम्राटलाई स्वागत छ ।'

चाणक्यले अपनत्व देखाउदै भने- 'भारतवर्षका बासिन्दाहरू पाहुनालाई भगवान् सम्झन्छन् युनानाधिपति र फेरि को भन्छ तपाई सम्राट होइन । युनान र भारतवर्ष एक हुन सकोस् । यसैले मैले तपाईलाई मैत्रीभावते अतिथिस्वरूप बोलाएँ, यसमा कुनै सन्देह छैन ।

'म चाहन्छु भारतवर्ष र युनानको सम्बन्ध यस्तो होस् जसलाई कुनै पनि तरबारले काट्न नसकोस् ।' क्रमश:

# 'महिलाको न्यायमा पहुँच अझै पनि कमी छ'

- प्रविधिको उपयोग नगरी जीवन चल्दैन तर प्रविधि सुरक्षाको विषयमा सचेतना जगाउन जरूरी छ ।
- अहिले ७७ वटै जिल्लामा जिल्ला प्रहरी कार्यालयमार्फत हिंसाविरूद्धको उजुरी लिने र सुनुवाइ हुने गरेको छ ।
- महिला आयोगले सबै प्रकार, अवस्था, समुदायका महिलाको अधिकार र मानवअधिकार संरक्षणका लागि सचेतना जगाउने काम गर्छ ।
- पीडित कमजोर र पीडक शक्तिशाली हुँदा पनि धेरै उजुरीहरु नआउने र प्रहरीले पनि जाहेरी नलिनेजस्ता समस्या छन् ।
- सरकारले बनाएका कानुनहरु कार्यान्वयन गर्नका लागि सबै पक्षले उत्तिकै ध्यान दिनुपर्छ । आयोगले एक्लै सम्भव छैन ।



कमलाकुमारी पराजुली
अध्यक्ष, राष्ट्रिय महिला आयोग

**मुलुकमा महिला अधिकारको संरक्षण, संवर्द्धन र नीतिगत वकालतका लागि गठित राष्ट्रिय महिला आयोगले महिला, अपांगता भएका महिला, बालिका, यौनिक तथा अल्पसंख्यकका अधिकारका विषय सम्बोधन गर्न पहल गर्दै आएको छ । सामाजिक परिवर्तनसँगै हिंसाका घटनामा पनि बदलाव आएको सन्दर्भमा आयोगले उजुरी र सुनुवाइको प्रक्रियालाई सरलीकरण र देशव्यापी बनाउन अगुवाइ गरेको छ। यिनै सवाल र 'महिलामाथि लगानी गरौं : प्रगतिलाई द्रुत गति प्रदान गरौं' भन्ने नाराका साथ मनाउन लागिएको ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका सन्दर्भमा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीसँग राससका समाचारदाता कालिका खड्काले गरेको कुराकानी :**

**अहिले सामाजिक परिवर्तन र सूचना प्रविधिको विकाससँगै लैंगिक हिंसाको स्वरूप पनि बदलिएको हो ? जस्तो अनलाइनबाट हुने हिंसा बढ्दै गएको देखिन्छ । यसको जोखिमलाई सम्बोधन गर्न आयोगले कसरी काम गरिरहेको छ ?**

परम्परागत हिंसा अहिले पनि कायम छ । बदलिएको भनेर पुराना सकिएका छैनन् तर नयां नयां जोखिम बढ्दै गएका छन् । आयोगले हिंसा न्यूनीकरणका लागि सचेतना, खबरदारी र पैरवीका काम गर्दै आएको छ । कार्यस्थलमा हुने हिंसा, विद्यालय, घर र सामाजिक परिवेशलाई पनि सुरक्षित बनाउन हामीले काम गरिरहेका छौं ।

अहिले प्रविधिबाट हुने हिंसा अझ जटिल भएर आएको छ । पहिला भौतिक वा भेटेर गरिने हिंसाभन्दा यो अझ खतरनाक हुने देखिएको छ । जब सबैको हातहातमा फोन भयो । घरघरमा किशोरकिशोरी, महिला, वृद्ध सबैले चलाउन थाले । प्रविधिको उपयोग नगरी जीवन चल्दैन तर प्रविधि सुरक्षाको विषयमा सचेतना जगाउन जरुरी छ । हामीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्य सरोकारवालासँग मिलेर काम गरिरहेका छौं । नीतिगत व्यवस्था गरेर जानुपर्छ भनेर सरकारलाई सिफारिस पनि गरेका छौं । पहिला अनलाइन हिंसाको उजुरी गर्ने काठमाडौंमा मात्र थियो । अहिले ७७ वटै जिल्लामा जिल्ला प्रहरी कार्यालयमार्फत हिंसाविरुद्धको उजुरी लिने र सुनुवाइ हुने गरेको छ । आयोगले विद्यालयस्तरमा पनि सचेतनाका काम गर्दै आएको छ ।

**नेपालको संविधानले महिला, अपांगता भएका महिला, बालिका, यौनिक तथा अल्पसंख्यकका अधिकार र संरक्षणका विषयलाई सम्बोधन गर्न आयोगको गठन गर्ने व्यवस्था गर्‍यो तर आयोगको भूमिका प्रभावकारी भएन भन्ने प्रश्न पनि उठ्ने गरेका छ नि ?**

समग्रमा महिला आयोगले सबै प्रकार, अवस्था, समुदायका महिलाको अधिकार र मानवअधिकार संरक्षणका लागि सचेतना जगाउने काम गर्छ । महिलाले पाउने अधिकारको प्रयोगबाट वञ्चित भएका महिला, सीमान्तकृत, विभिन्न समुदायका महिला, बालिका, अपांगता भएका महिला, बालिका, यौनिक तथा अल्पसंख्यक, अवसर र पहुँचबाट वञ्चित भएका महिलाको समस्यालाई मूलप्रवाहीकरण गर्ने, सचेतना जगाउने, खबरदारी गर्ने गर्छौं । विभिन्न फरक समुदायका महिलालाई मात्र लक्षित गरेर पनि कार्यक्रम सञ्चालन गरिरहेका छौं । तीनै तहका सरकार, खासगरी स्थानीय तहसँग मिलेर काम गरिरहेका छौं । महिलामाथि हुने गरेको हिंसाको अध्ययन, अनुगमन र अनुसन्धान गर्ने काम निरन्तर भइरहेको छ । राज्यले ती समुदायका लागि कानुनीरूपमा व्यवस्था गरेका सुविधाका बारेमा पनि जानकारी दिने र लिनका लागि सहजीकरण र समन्वय गरेर काम गर्ने गरेका छौं । स्थानीय तहका सरकारसँग मिलेर काम गर्दै आएका छौं । स्थानीय तहले पनि लैंगिक उत्तरदायी बजेट निर्माण गर्ने सोहीअनुसार कार्यक्रम बनाउने र कार्यान्वयनका लागि सुझाव र निर्देशन पनि दिँदै आएका छौं ।

**महिला हिंसाका उजुरीको तथ्यांक हेर्दा बागमती प्रदेशमा बढी देखिन्छ । कर्णाली, सुदूरपश्चिममा हिंसाका घटना नभएका हुन् ? वा उजुरीमा नआएका हुन् ? स्थानीयस्तरसम्म आयोगले उजुरी दर्ताको पहुँचलाई अभिवृद्धि गर्न रणनीतिक योजना कस्तो छ ? सबै महिलामा उजुरीको पहुँच छ ?**

बागमती प्रदेश संघीय राजधानीमा पर्छ । आयोगको कार्यालय यहीँ छ । पीडितलाई यहाँ आउन र उजुरी दिन सहज हुन्छ । बागमती प्रदेशमा पनि काठमाडौं उपत्यकाका उजुरी धेरै पर्ने गरेका छन् । भौतिकरूपमै उपस्थित भएर उजुरी दिन सहज हुन्छ । उजुरी नआएकै आधारमा सुदूरपश्चिममा महिलामाथि कुनै पनि हिंसा छैन, मधेस प्रदेश वा कर्णाली प्रदेशमा कुनै पनि महिलामाथि हिंसा भएको छैन वा विभेदका कुरा छैनन् भन्न सकिएला । उजुरी दिनका लागि मलाई विभेद वा हिंसा भयो भन्ने सचेतना वा अनुभूति हुनुपर्छ । अनि उनीहरू उजुरी दिन आउँछन् । कतिपय अवस्थामा म सक्षम छु तैपनि मैले हिंसा सहेको छु भन्ने देखिन्छ । चेतना र सहज पहुँचका कारण बागमती प्रदेशको उजुरी बढी आएको हुन सक्छ । महिलाको न्यायमा पहुँच अझै पनि कमी छ । पीडित कमजोर र पीडक शक्तिशाली हुँदा पनि धेरै उजुरीहरू नआउने र प्रहरीले पनि जाहेरी नलिनेजस्ता समस्या छन् । कूल घटनाका हेर्दा एक तिहाइ पनि उजुरीहरू आयोगमा आउने गरेका छैनन् ।

**पछिल्लो समयमा मानसिक हिंसाका घटना पनि त्यतिकै बढेको देखिन्छ । मानसिक हिंसा कसरी कम गर्न सकिन्छ ?**

आयोगमा आएका उजुरीमध्ये अधिकांश मानसिक समस्यामा परेका देखिन्छन् । सत्तरी प्रतिशतभन्दा बढी उजुरीमा एकदेखि तीन पटकसम्म मनो-सामाजिक परामर्श दिनुपर्ने हुन्छ । भावनात्मकरूपमा उनीहरूलाई अलि बलियो बनाउनुपर्छ । घरपरिवारमा समस्या हुँदा पनि मानसिक रूपमा असर परिरहेको हुन्छ । हिंसामा परेमा महिलामा मानसिक समस्याकै करणले झन कमजोर भइरहेको अवस्था छ । यसले गर्दा दुर्घटना हुने र महिलाले अझ सहजरूपमा न्याय पाउन सकेका हुँदैनन् । न्याय पाउन र पहिलाको अवस्थामा महिलालाई ल्याउन निकै कठिनाइ हुन्छ ।

**पुरुषमाथि हिंसाका घटना पनि बढेका छन् भनिन्छ नि ?**

हिंसा सबल पक्षले कमजोर पक्षलाई गरेको अध्ययनले देखाएको छ । सबै ठाउँमा महिला कमजोर मात्र हुन्छन् भन्ने छैन । कतिपय अवस्थामा पुरुष कमजोर पनि हुन्छ । यस्तो अवस्थामा फरक लिंगले हिंसा सहनुपरेको पनि हुन सक्छ । यौनिक तथा अल्पसंख्यक तथा अरुले पनि हिंसा सहनुपरेको हुन सक्छ तर अहिले पनि नेपाली समाजमा पितृसत्तात्मक सोच छ । त्यहीअनुसारको संरचना छ । पुरुषको बोली बिक्ने गरेको छ । अहिले पनि करिब ९० प्रतिशत पुरुष नै निर्णयकर्ता हुने गरेको देखिन्छ तर नेपाली समाज बहुजाति, बहुधार्मिक समुदाय हो । मातृ सत्तात्मक समुदाय पनि छ । त्यहाँ पुरुष हिंसामा परेका हुन्छन् तर त्यहां पुरुषलाई हिंसा भए पनि खुलेर अभिव्यक्त नहुने अवस्था छ । त्यसले दुर्घटना पनि निम्त्याएको छ । तर राज्य र राज्यका संरचनाले कुनै पनि नागरिकलाई हिंसा हुने वातावरणको सिर्जना हुनु हुँदैन । समाजमा शान्ति, सुरक्षा र अमनचयनको वातावरण हुनुपर्छ ।

**एउटा सामान्य महिला हिंसा भएर आयोगमा आएपछि के-के सुविधा मिल्छ ?**

आयोगमा हिंसामा परेर आएका महिलाको सबैभन्दा पहिला मानसिक अवस्था हेर्छौं । परामर्श गर्नुपर्ने भएमा त्यो सेवा उपलब्ध गराउँछौं । सहमतिमा गर्न सकिने भए दुवै पक्षबीच छलफल गरिन्छ । कानुनी उपचार गर्नुपर्ने भएमा नि:शुल्क कानुनी सेवा दिने व्यवस्था छ । अदालतमा न्यायका लागि सहयोग गरिन्छ । अत्यन्तै जोखिममा परेको महिलालाई सुरक्षित आश्रयस्थलमा राखिन्छ । औषद्योपचार गर्नुपर्ने भए त्यो गरिन्छ । सीप सिकाएर आत्मनिर्भर बनाउने काम पनि गरेको छ । त्यो प्रतिनिधिमूलक घटना मात्रै हो । स्थानीय तहको न्यायिक समितिले यस्ता काम बढी गर्नुपर्ने हुन्छ । त्यो हुँदा सहज हुन्छ । औषधोपचारका लागि त्यहीँबाट पनि पहल गरिरहेका छौं । पीडितलाई सम्बन्धित जिल्लामा सम्बन्धित जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा समन्वय गराउँछौं ।

**आयोगले गरेको सिफारिस कार्यान्वयनको अवस्था कस्तो छ ?**

आयोगले सिफारिस गरेका नीतिगत सुधार भएका छन् । गत वर्ष जबर्जस्ती करणीको उजुरीको हदम्याद बढाउने विषयमा आयोगले गरेको सिफारिसको कार्यान्वयन भयो । त्यो कार्यान्वयन भयो । धेरै कार्यान्वयन भएको छ । तर भइरहेका कानुनी व्यवस्थाहरू प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सरकारले बनाएका कानुनहरू कार्यान्वयन गर्नका लागि सबै पक्षले उत्तिकै ध्यान दिनुपर्छ । आयोगले एक्लै सम्भव छैन । सबैसँग समन्वय, सहकार्य गरेर अघि बढ्दा महिलाविरुद्ध हुने हिंसा न्यूनीकरण गर्न सकिन्छ ।

**अन्त्यमा, ११४औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा महिलालाई के भन्न चाहनुहुन्छ ?**

विश्वभरि नै ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेका छौं । यो दिवसले महिलामा नयाँ उत्साह, जोश थपोस् थपियोस् । कुनै महिलाले पनि विना श्रम काम गर्न नपरोस् । श्रमको उचित मूल्यांकन र पारिश्रामिक मिलोस् । सबै महिलामा आर्थिक आत्मनिर्भर बढोस् । हिंसा नसहने र हिंसाको प्रतिकार गर्नसक्ने क्षमता मिलोस् । सम्पूर्ण महिलामा यही शुभकामना व्यक्त गर्न चाहन्छु ।

# शिवरात्रिमा सवा दुई करोड दीप प्रज्वलन गरिँदै

**कैलाली-** ऐतिहासिक महत्त्व बोकेको धनगढी उपमहानगरपालिका-१६ रामपुरस्थित बेहडाबाबा मन्दिरमा महाशिवरात्रिका अवसरमा हेलिकप्टरबाट पुष्प वर्षा र सवा दुई करोड दीप प्रज्वलन गरिने भएको छ ।

मन्दिर व्यवस्थापन समिति र बेहडाबाबा पुष्प वर्षा समारोह उपसमितिको आयोजनामा माहाशिवरात्रिका अवसरमा हुन लागेको पुष्प वर्षा र सवा दुई करोड दीप प्रज्वलन कार्यक्रमको तयारी भएको आयोजक मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पद्मराज जोशीले जानकारी दिए ।

हरेक वर्ष आयोजना गरिने महाशिवरात्रि मेलामा पहिलोपटक हेलिकप्टरबाट पुष्प वर्षा गरिन लागिएको उनले बताए । कैलालीको प्रसिद्ध धार्मिकस्थल मानिने बेहडाबाबालाई पर्यटकीय गन्तव्य बनाउनका लागि प्रचारप्रसार गर्न हेलिकप्टरबाट पुष्प वर्षा गराउन लागिएको आयोजकको भनाइ छ ।

आज शुक्रबार महाशिवरात्रिको दिन बिहान ११ देखि मध्याह्न १२ बजेको समयमा हेलिकप्टरबाट पुष्प वर्षा गराइने र अपराह्न ४ बजे सवा दुई करोड बत्ती प्रज्वलन गरिने आयोजकले जनाएको छ । पुष्प वर्षा कार्यक्रमका लागि नरेन्द्र शाहको संयोजकत्वमा रहेको टोलीले १४ लाख नौ हजार ९५० रूपैयाँ रकम संकलन गरिसकेको छ । पुष्प वर्षाका लागि हेलिकप्टर भाडाबापत ११ लाख रूपैयाँ र तीन क्विन्टल फूलको दुई लाख रूपैयाँ गरी जम्मा १३ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको आयोजकको भनाइ छ ।

पुष्प वर्षासँगै महाशिवरात्रिमा भक्तजनका लागि महाभण्डारासमेत चलाउने र उपस्थित सम्पूर्ण भक्तजनलाई निःशुल्क खाना र पानीको व्यवस्था गरिने बताइएको छ । बेहडाबाबा धाममा भक्तजनलाई जान आउनदेखि दर्शन तथा पूजापाठ गर्नसम्मका लागि सम्पूर्ण तयारी गरिएको छ । आवतजावतका लागि बसको व्यवस्था र कडा सुरक्षाकोसमेत व्यवस्था गरिएको छ ।

त्यस्तै यस बेहडाबाबा मन्दिरमा लाग्ने महाशिवरात्रिमा दर्शनका लागि छिमेकी मुलुक भारतबाटसमेत दर्शनार्थी आउने गरेका छन् । बेहडाबाबा मन्दिरको दर्शनका लागि भारतका लखीमपुर, पलिया, पिलीभित, युपी, उत्तराखण्डलगायत विभिन्न क्षेत्रबाट भक्तजन आउने गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जोशीले बताए । *रासस*

# टीकापुरमा लु तथा शीतलहरको पूर्वकार्यविधि बन्दै

**टीकापुर (कैलाली)-** कैलालीमा हरेक वर्ष गर्मीमा लु र हिउँदमा शीतलहरले नागरिकलाई हैरानी हुन्छ । गर्मीमा यहाँका नागरिकको दैनिकी कष्टकर हुन्छ भने चिसोमा शीतलहरका कारण कामकाजमा मात्र समस्या होइन खेतीपातीमासमेत असर पार्छ । लु र शीतलहरका कारण हुने क्षति न्यूनीकरणका लागि अब टीकापुर नगरपालिकाले योजना बनाएर काम गर्ने भएको छ ।

विपद् भनेपछि बाढीमात्र सम्झने यहाँका पालिकाले विपद्का अन्य क्षेत्रमा काम गर्न थालेका छन् । टीकापुर नगरपालिकाले पूर्वानुमानमा आधारित लु तथा शीतलहरको पूर्वकार्य व्यवस्थापन कार्यविधि निर्माण थालेको छ । कार्यविधिको मस्यौदामा विपद् व्यवस्थापन समितिका सदस्य र जनप्रतिनिधि तथा सरोकारवालाबीच छलफल भएको छ ।

गर्मीमा लु तथा जाडोमा शीतलहरले धेरै क्षति हुने भएकाले पूर्वकार्य तथा राहतमा सहजता होस् भनी कार्यविधि निर्माण थालिएको हो । मौसम पूर्वानुमानका आधारमा लु तथा शीतलहरको प्रभाव न्यूनीकरण गर्न र पूर्वकार्यका कार्य गर्न कार्यविधि भएमा सहज हुने विपद् शाखा प्रमुख निर्मला चौधरीले बताइन् ।

'हामीसँग बाढीको पूर्वकार्य कार्यविधि यसअघि नै बनिसकेको छ,' चौधरी भन्छिन्, 'अब हामीले विशेषगरी चार क्षेत्रलाई प्राथमिकता दिएर कार्यविधि बनाएर काम गर्न खोजेका छौं, आगलागी, खडेरी, जंगली जनावरको जोखिमबाट बच्न कार्यविधि बनाएर काम गर्ने तयारीमा छौं ।'

कार्यविधिमा विपद्को जोखिम, प्रभाव पार्ने क्षेत्र, विपद्को प्रभावको अवस्था, अति संकटासन्न वर्ग छुटचाइएको छ । कार्यविधि भएमा लक्षित वर्गको तथ्यांक व्यवस्थापनमा सहज हुने र प्रतिकार्यका कार्यमा सहज हुने कार्यपालिका सदस्य दीपक निसानीले बताए ।

'योजना भएमा बजेट व्यवस्था गर्न सकिन्छ, विपद्का समयमा विषयगत समिति आफैं सक्रिय हुने भएकाले पालिकालाई सहज हुन्छ,' निसानीले भने, 'विपद् भनेको बाढी मात्र होइन, हाम्रो यहाँ बाढीभन्दा बढी कृषिमा क्षति शीतलहर र लु ले हुने गरेको छ ।'

मस्यौदाका परामर्शदाता दिनेशचन्द्र जोशीले बाढीमात्र विपद् हो भन्ने बुझाइ परिवर्तन हुँदै गएको बताए । 'यहाँ विपद्, विपद् शाखा भनेपछि बाढीको जोखिम न्यूनीकरणमा मात्र काम भएका छन्,' उनी भन्छन्, 'अन्य विपद्मा पनि काम गर्नुपर्छ, शीतलहर, लु, आगलागी, खडेरी, जंगली जनावरको असरजस्ता धेरै विपद्का क्षेत्रमा पालिकाले काम गर्नु आवश्यक छ ।' *रासस*

# पुनर्निर्माण गर्न दक्ष डकर्मी तयार गर्दै कर्णाली सरकार

**कर्णाली-**कर्णाली प्रदेश सरकारले जाजरकोट भूकम्पबाट प्रभावित क्षेत्रमा पुनर्निर्माण गर्न दक्ष डकर्मी तयार गर्ने भएको छ । वातावरण अनुकूल भौतिक संरचना निर्माण, आवश्यक नीति एवं विधि पालना गरी विपद्बाट हुने क्षति न्यूनीकरण तथा समुदायमा ज्ञान, सीप र प्रविधिसहितको दक्ष जनशक्ति तयार गर्न प्रदेश सरकारले भूकम्पप्रतिरोधी भवन तथा संरचना निर्माणसम्बन्धी तालिम सञ्चालन गर्ने भएको हो । यसका लागि त्रिपक्षीय सम्झौता भएको छ ।

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र स्थानीय तहबीच तालिम सञ्चालन गर्नेगरी बुधबार सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । सम्झौतापत्रमा हस्ताक्षर कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले जाजरकोट भूकम्पलाई अवसरका रूपमा उपयोग गरी अगाडि बढ्ने बताए ।

उनले भने, 'भूकम्पले दिएको शिक्षालाई जीवन व्यवहारमा लागू गरेर जानुको विकल्प छैन । गोरखा बारपाकको भूकम्पबाट शिक्षा लिन सकेको भए जाजरकोट भूकम्पबाट हामीले यति ठूलो क्षति व्यहोर्नु पर्दैनथ्यो ।' भूकम्पपश्चात् खोज, उद्धार र राहतमा सरकारले लिएको पहलकदमी उल्लेख्य भए पनि पुनःनिर्माणको कार्यमा ढिलाइ भएको मुख्यमन्त्री शर्माले बताए ।

भूकम्पप्रभावित जिल्ला जाजरकोट छेडागाड नगरपालिका, बारेकोट गाउँपालिका, रुकुमपश्चिम चौरजहारी नगरपालिका, त्रिवेणी गाउँपालिका र सल्यानको दार्मा गाउँपालिका गरी पाँच स्थानीय तहमा भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माणका लागि जनप्रतिनिधि, कर्मचारी र डकर्मीको तालिम सञ्चालन गर्नेगरी सम्झौता भएको छ ।

छेडागाड र चौरजहारी नगरपालिका, बारेकोट, त्रिवेणी र दार्मा गाउँपालिका प्रत्येक स्थानीय तहबाट बाह्र जनाका दरले डकर्मीका लागि कार्यगत तालिम सञ्चालन गर्न लागिएको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानका निर्देशक विष्णुप्रसाद कोइरालले जानकारी दिए । उनका अनुसार भूकम्पप्रतिरोधी भवन निर्माणको डकर्मीलाई कार्यगत तालिम दिइने छ । डकर्मीलाई दिइने तालिम २० दिनको हुने छ ।

प्रभावित जिल्ला जाजरकोट, रुकुमपश्चिम, र सल्यानका सबै स्थानीय तहका जनप्रतिनिधिलाई भवन पुनःनिर्माणको विधि, भूकम्पप्रतिरोधी डिजाइनका सिद्धान्त र प्रतिरोधी अभ्यासको क्षमता विकाससम्बन्धी सीप सिकाइने निर्देशक कोइरालाले बताए । तालिम सञ्चालनका लागि एक करोड ४६ लाख रूपैयाँ खर्च हुने जनाइएको छ ।

तालिमबाट ६० जना दक्ष डकर्मी तयार हुने छन् । भूकम्पप्रतिरोधी भवन निर्माणसंहितामा रहेर निर्माण गर्नेमासमेत कार्यक्रमबाट सहयोग मिल्ने भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले जानकारी दिए । *रासस*

# महानगर प्रमुख दाहाल र बेलायतका उपसभामुखबीच भेटवार्ता

**चितवन (प्रस)-** भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले संयुक्त अधिराज्य बेलायतको हाउस अफ कमन्सका उपसभामुख निजेल इभान्ससँग भेटवार्ता गरेकी छन् । एक कार्यक्रमका सिलसिलामा हाल बेलायत रहेकी दाहाल र उपसभामुख निजेलबीच लण्डनमा बिहीबार भेटवार्ता भएको हो ।

दाहालले दिएको जानकारीअनुसार भेटका क्रममा वर्षौंदेखिको नेपाल-बेलायत सम्बन्ध तथा ब्रिटिस सेनामा सेवा गरिरहेका गोर्खा सैनिकलगायतका विषयमा कुराकानी भएको थियो । त्यसअवसरमा दुई देश र जनताजनताबीचको ऐतिहासिक सम्बन्धबारे छलफल भएको पनि उनले जानकारी दिइन् ।

सो अवसरमा 'भरतपुर भ्रमण वर्ष २०२४' मा सहभागी हुन नेपाल आउन प्रमुख दाहालले उपसभामुख निजेललाई निमन्त्रणा गरेकी थिइन् । भरतपुर महानगरपालिकाले सन् २०२४ लाई 'घुमौं भरतपुर' नारासहित भरतपुर भ्रमण वर्षकारूपमा मनाइरहेको छ ।

सो भेटपश्चात् निजेलले बेलायती संसद्को इतिहासको अध्ययन गर्नुका साथै संसदीय गतिविधि र संसद् भवनको अवलोकन गरेको दाहालले जानकारी दिइन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PMI-TECHNOLOGY SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 286489 | चलानी नं.६०२०१९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARTON BOX INDUSTRIAL (M) SB.

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 293732 | चलानी नं. ६०२०८९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TSB INDUSTRIES (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 275368 | चलानी नं. ६०१९११५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-GEFTON TRADING & CONTRACTING CO.W.L.L

पूर्व स्वीकृति मिति २०७९/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 283869 | चलानी नं. ६०१९९१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 1 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ४३,५२५ | | | | | | | |

कम्पनी : TARTOOS FOR CONTRACTING & CLEANING CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/११/२३ | LT. No. 301135 | चलानी नं. ६०२१६१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1200 | ४३,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 2 | 0 | 1200 | ४३,५२५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 18 | 1000 | ३६,२७० | | | | | | | |
| 4 | Plaster Worker | 3 | 0 | 1200 | ४३,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BHANU CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,९८५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,६४५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६६० | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६६० | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५४,९८५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | १०९,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## UAE मा बैदेशिक रोजगारको अवसर

1. Company: CTT Technical & Cleaning Services LLC, UAE

२. पूर्व स्वीकृति मितिः– २०८०।१०।२४ | च. न.:–६०२१४५२८ | LT No:- 299556

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 80 | - | काममा दक्ष | 900 | ३२,४९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Male Cleaner | - | 20 | | 800 | २८,८८०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

अन्तर्वार्ता २०७९ चैत्र २ गते (15 March, 2024) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**काठमाण्डौ ओभरसिज प्रा. लि.**
KATHMANDU OVERSEAS PVT. LTD. Regd. No. 265/058/059
श्रम इजाजत नं. २६५/०५८/०५९
बसुन्धरा, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६
Email: kathmandumanpower@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२४ | LT. No. 297756 | चलानी नं. ६०२१२७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३५,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 50 | 0 | 1100 | ३८,९४५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 1400 | ४९,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा मितिः २०८० फाल्गुन ३० गते (13th Mar. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAWYAT AL-AFKAR EST FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०९/०४ | पुन विज्ञापन स्वीकृति मितिः २०८०/११/२४ | LT. No. 296801 | चलानी नं. ६०२११८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Builder | 1 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED AWADAH BIN MOHAMMED AL ZUBAIDI INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२४ | LT. No. 299219 | चलानी नं. ६०२१४४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exhibition Curator | 1 | 0 | 2200 | ७७,७७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 3 | Tin Blacksmith | 1 | 0 | 1200 | ४२,४२० | | | | | | | |
| 4 | Worker | 2 | 0 | 1000 | ३५,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBEIR RESIDENTIAL HOTEL

पूर्व स्वीकृति मिति २०८०/११/२३ | LT. No. 301170 | चलानी नं. ६०२१६१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 2 | 0 | 1500 | ५२,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २ गते (15th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

# प्रभाव दैनिक

रूपशाला

शुक्रबार २५, फागुन २०८० (Friday, March 8, 2024)


### नवाजुद्दीनकी पत्नीलाई पक्राउ गर्न पुर्जी जारी

बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकीकी पत्नी आलिया सिद्दीकीविरूद्ध अंधेरी अदालतले गत २९ फेब्रुअरीमा धरौटी बिनाको पक्राउ पुर्जी जारी गरेको छ । यो विषय सन् २०२२ मा रिलिज भएको चलचित्र 'होली काउ'सँग सम्बन्धित रहेको छ । चलचित्रलाई आलियाले निर्माण गरेकी थिइन् । कुनै बेला आलियाको साथी रहेका मन्जु एम गढवाल सुरुवातमा यो चलचित्रको सह-निर्माता थिइन् । उनले नै आलियामाथि ५ वर्षअघि ३१ लाख ६८ हजार रूपैयाँ फिर्ता नगरेको आरोप लगाउँदै उजुरी दर्ता गरेकी हुन् । उनले यस मुद्दामा पहिलोपटक पक्राउ पुर्जी जारी हुँदा एक वकिलले यो मामिला सल्ट्याउने बताएका थिए । तर, पछि आलिया गायब भएको गढवालको आरोप छ ।



# तनहुँमा 'सतीदेवी'को विशेष प्रदर्शन



■ प्रभाव संवाददाता

**तनहुँ** – तनहुँको दमौलीमा लक्ष्मण सुवेदी निर्देशित फिल्म 'सतीदेवी'को विशेष प्रदर्शन गरिएको छ । बुधबार दमौलीको क्युएफएक्स सिनेमामा गरिएको विशेष प्रदर्शनीमा विभिन्न व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

गत माघ तेस्रो साता सौराहामा सम्पन्न सौराहा दक्षिण एसियाली चलचित्र महोत्सवमा सर्वोत्कृष्ट चलचित्र र शिव रेग्मी सर्वोत्कृष्ट चलचित्र निर्देशक अवार्ड जितेको 'सतीदेवी' को चर्चाप्रति केही दिनअघि सूचना तथा संचारमन्त्री रेखा शर्माले चासो देखाएकी थिइन् । निर्देशक सुवेदी संचार मन्त्रालय पुगी मन्त्री शर्मालाई आफ्नो चलचित्रबारे विस्तृत जानकारी प्रस्तुत गरेका थिए । मन्त्री शर्माले 'सतीदेवी' लाई सरकारी तवरबाट समेत सकेको सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेकी थिइन् ।

दिलासा क्रिएसनले गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियासँगको सहकार्यमा निर्माण गरेको चर्चामा दिलासा, सारा र श्रीदेवी सुवेदी निर्माता रहेका छन् । मलिका महत, हर्षिका वली, मञ्जिला बानियाँ, कुलबहादुर अधिकारी, रमेश बुढाथोकी, सृजना अधिकारी, सन्दिपबाबु लोहनी, सुजीता शिवाकोटी, भोला सापकोटा, मनिषा सापकोटा, सन्देश लिम्बूलगायतका कलाकारले फिल्ममा अभिनय गरेका छन् । चलचित्रको स्वदेश प्रदर्शन मिति घोषणा हुन बाँकी रहेको छ ।

मध्यनेपाल नगरपालिका, लम्जुङका नगर प्रमुख रमेशकुमार पाण्डे, मध्यनेपाल नगरपालिका वडा नं ५ का अध्यक्ष ओमवीर गुरुङ, वडा नं ३ का अध्यक्ष केशव न्यौपाने, वडा नं ४ का अध्यक्ष रामबहादुर श्रेष्ठ, वडा नं ७ का अध्यक्ष हिराबहादुर गुरुङ र वडा नं ९ का अध्यक्ष महेशकुमार पाण्डे लगायत जनप्रतिनिधि तथा वडा नं ५ स्थिति लाफा गाउँ होमस्टे, श्री सृजनाशील एकता मगर समाजका प्रतिनिधिहरूका साथमा स्थानीयहरूको बाक्लो उपस्थिति थियो । विशेष प्रर्दशनिमा फिल्म हेर्ने सबैले मनपरेको प्रतिक्रिया दिए ।


कार्यक्रममा मध्ये नेपाल नगरपालिका, लम्जुङका नगर प्रमुख रमेशकुमार पाण्डेले 'सतीदेवी' मौलिक कथामा निर्माण गरिएको भएकोले सार्वजनिक प्रदर्शन अगावै देश-विदेशमा चर्चा हुन सफल रहेको बताए । उनले 'सतीदेवी' लाई सम्पूर्ण रूपले सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

'हाम्रो मध्यनेपाल नगरपालीकाका विभिन्न स्थानमा छायांकन गरिएको यस चलचित्रले निकै तारिफ पाइरहेको छ । देशको मौलिक कला, संस्कृति तथा कथालाई चलचित्रको माध्यमबाट विश्वसामु पुऱ्याउनु निकै सह्रानीय कार्य हो । आफ्नो माटोको सुगन्धलाई उजागर गर्ने 'सतीदेवी' टिमलाई हामी सबैले साथ,सहयोग र प्रेरणा दिनुपर्छ,' मेयर पाण्डेले भने ।

कार्यक्रममा फिल्मको तर्फबाट निर्देशक सुवेदीले मेयर पाण्डे, वडा नं ५ का अध्यक्ष ओमवीर गुरुङ, स्थानीय सृजनशील एकता मगर समाज, लाफा गाउँ होमस्टे, कलाकार इभन श्रेष्ठ, क्युएफएक्स दमौलीलगायतलाई आभार पत्र प्रदान गरेका थिए । अधिकांश दृश्य मध्यनेपाल नगरपालीकाका वडा नं ५ लगायत विभिन्न स्थानमा खिचिएको र छायांकन तथा प्रबर्द्धनमा आफूहरूलाई निकै सहयोग मिलेकाले धन्यवाद स्वरूप शो आयोजना गरिएको निर्देशक सुवेदीले बताए ।

# तीन स्रष्टालाई झपट पुरस्कार

■ प्रभाव संवाददाता



**काठमाडौं** – झपट पुरस्कार व्यवस्था समितिले तीन जना स्रष्टालाई पुरस्कृत गर्ने भएको छ । समितिले एक विज्ञप्ति जारी गर्दै नेपाली साहित्यको श्रीवृद्धिमा विशिष्ट योगदान दिएबापत अमरप्राज्ञ कञ्चन पुडासैनीलाई २०८० सालको 'झपट पुरस्कार' समर्पण गर्ने निर्णय गरेको हो ।

त्यस्तै समितिले योग शिक्षा तथा प्राकृतिक चिकित्साका क्षेत्रमा अहोरात्र समर्पित भई मानव स्वास्थ्यसेवाको संवर्द्धनमा उल्लेखनीय योगदान दिएबापत डा. हरिप्रसाद पोखरेल 'मानसाग्नि'लाई २०८० सालको 'यज्ञ केशर पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ । यी दुवै पुरस्कारको राशि जनही रु एक/एक लाख रहेको छ ।

नेपाली कथा साहित्यका अमर स्रष्टा गुरूप्रसाद मैनालीका कथाको वक्रोक्ति शीर्षकमा विद्यावारिधि अनुसन्धान सम्पन्न गरी नेपाली समालोचनाका क्षेत्रमा विशिष्ट योगदान दिएबापत प्रा डा ऋषिराम शर्मालाई २०८० सालको 'सैनध्वज नन्दकुमारी शोध पुरस्कार' समर्पण गर्ने निर्णय भएको छ । जसको राशि रु ५० हजार रहेको छ ।

झपट पुरस्कार गुठीका संस्थापक यज्ञविक्रम राणाको शतवार्षिकीका अवसरमा आगामी चैत २४ गते झपट पुरस्कार समर्पण गरिने कार्यक्रम रहेको झपट पुरस्कार गुठीका अध्यक्ष अरुण राणाले जानकारी दिए ।

# आजदेखि हलमा 'उपहार'

■ प्रभाव संवाददाता



**काठमाडौं** – 'उपहार'ले राजधानीमा बिहीबार प्रिमियर गरेको छ । फिल्मका निर्देशक ज्ञानेन्द्र देउजा, अभिनेत्रीद्वय पूजा शर्मा र बेनिशा हमाल, अभिनेतात्रय मुकुन भुषाल, समर्पणजंग कार्की र तेज गिरीलगायतको उपस्थिति रहेको शोमा फिल्मकर्मीको बाक्लो उपस्थिति थियो । प्रिमियर समारोहमा उपस्थित हुन नसकेकी अभिनेत्री तथा निर्मात्री रेखा थापाले भिडियो संदेशमार्फत सबैलाई फिल्म हेरेर प्रतिक्रिया दिन आग्रह गरिन् ।

'अब उपहार हाम्रो नभई दर्शकको भएको छ । फिल्म हेरेर कस्तो लाग्छ, प्रतिक्रिया दिनुहोला । हामी खुल्ला हृदयले स्वागत गर्नेछौं', अभिनेत्री थापाले भनिन्,'यो फिल्ममा नारीको सङ्घर्षसँगै सक्षमता पनि देखाईएको छ । स्वाभिमानी महिलाको कथा हो ।' प्रिमियरमा उपस्थित अभिनेत्री केकी अधिकारी, अभिनेता विजय लामा, निर्देशक शोभित बस्नेत, सुदर्शन थापा, मोडल उषा उप्रेती, निर्देशक कृषा चौलागाई, दिवाकर भट्टराईले फिल्मको कथाले मन छोएको बताए ।

त्यस्तै माता सबिता आचार्य, संगीतकार अर्जुन पोखरेल, कलाकार शिवहरि पौडेल, लेखक प्रदीप भारद्वाजलगायतले फिल्म राम्रो बनेको प्रतिक्रिया दिए । रेखा फिल्मस् र कपनगढी सिनेमा प्रालिको ब्यानरमा रेखा थापा प्रस्तुतकर्ता रहेको फिल्ममा ज्ञानेन्द्र देउजाको निर्देशन छ ।

फिल्ममा रेखा थापा, पुजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, शिशिर राणा, राजाराम पौडेल, किरण केसी, अंशु महर्जन, विनोद पौडेल, आशा भुषाल, शोभारस घिमिरे, मन्जु श्रेष्ठ, कमल भट्ट, राइडर प्रशान्त र सरिता राजोपाध्यायलगायतको अभिनय छ ।

बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन् । फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ । फिल्मको वितरण उपत्यका भित्र रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले गर्नेछ ।



साफ यू-१६ महिला फुटबल

# भारतसँगको हारसँगै बाहिरियो नेपाल

■ प्रभाव संवाददाता



**काठमाडौं** – नेपाल राजधानीमा जारी साफ यु-१६ महिला च्याम्पियनसिप, २०२४ बाट बाहिरिएको छ । लिग चरणको अन्तिम खेलमा भारतसँग पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा भारतले नेपाललाई १०-० गोलअन्तरले पराजित गरेको हो । भारत प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । भारतले यसअघि पहिलो खेलमा भुटानलाई ७-० गोलअन्तरले पराजित गरेको थियो । दोस्रो खेलमा बङ्गलादेशसँग ३-१ गोलअन्तरको हार बेहोरेको थियो । नेपाल पहिलो खेलमा बङ्गलादेशसँग नेपाल २-० गोलअन्तरले पराजित भएको थियो । त्यस्तै दोस्रो खेलमा भने नेपालले भुटानसँग ३-० गोलअन्तरले विजयी भएको थियो ।

नेपालविरुद्धको आजको खेलमा भारतले पहिलो हाफमा ६ गोल गरेको थियो । दोस्रो हाफमा भारतले थप चार गोल गऱ्यो । भारतका लागि पर्ल फर्नान्डेस र गुर्लिन करले दुई दुई गोल गरेका थिए । यस्तै अनिता डुंगडुंग, अनुष्का कुमारी, बिनोफिलिया शुलाई, रेआना र गुर्नाज करले एक एक गोल गरे । नेपाली खेलाडीले एउटा आत्मघाती गोल गरेका थिए ।

प्रतियोगिताको उपाधिका लागि भारत र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ । लिग चरणको अन्तिम खेलमा शुक्रबार भुटान र बङ्गलादेशबीच खेल हुनेछ ।

# महिला भलिबलको उपाधि एपिएफलाई

■ प्रभाव संवाददाता

**रामपुर (पाल्पा)** – पाल्पाको रामपुर नगरपालिकामा सञ्चालन भएको प्रथम लुम्बिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि विभागीय टिम सशस्त्र प्रहरी बल (एपिएफ)ले हात पारेको छ । बुधबार भएको फाइनल खेलमा बागमती प्रदेशलाई ३-२ सेटले पराजित गर्दै एपिएफले उपाधि चुमेको हो ।

फाइनल खेलमा एपिएफले पहिलो र दोस्रो सेट १८-२५, १७-२५ अङ्कका साथ गुमाएको थियो । तेस्रो, चौथो र पाँचौं सेटमा २५-१९, २५-१७ र १८-१६ अङ्कसहित जित निकाल्दै एपिएफले उपाधि हात पार्न सफल भएको हो ।

एपिएफसँग फाइनल खेलमा प्रतिस्पर्धा गरेको बागमती उपविजेता बनेको छ । प्रतियोगितामा लुम्बिनी प्रदेशले तृतीय स्थान ओगटेको छ । कोशीलाई ३-० को सोझो सेटमा हराउँदै लुम्बिनीले तृतीय स्थान ओगट्न सफल भएको हो । लुम्बिनीले २५-१०, २५-१६ र २५-२२ अङ्कका साथ जित हात पारेको छ भने यससँगै कोशी प्रदेशले सान्त्वना स्थान हासिल गरेको छ ।

प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमशः नगद रु दुई लाख ५० हजार, एक लाख ५० हजार, ७५ हजार र ३५ हजारसहित साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा एपिएफका सरस्वती चौधरी उत्कृष्ट खेलाडी घोषित भएकी छिन् ।

एपिएफका निरुता थगुन्ना उत्कृष्ट सर्भर, महेश चौधरी उत्कृष्ट कोच, बागमतीका प्रगतिनाथ उत्कृष्ट सेटर, सलिना श्रेष्ठ उत्कृष्ट डिफेन्डर, सुमित्रा रेग्मी उत्कृष्ट ब्लकर र लुम्बिनीका मीना सुनार उत्कृष्ट स्पाइकर भएका छन् ।

जिल्ला भलिबल सङ्घ पाल्पाको आयोजना, प्रदेश खेलकुद परिषद् लुम्बिनीको प्रवर्द्धन तथा प्रायोजन, नेपाल भलिबल सङ्घको संयोजन, जिल्ला खेलकुद विकास समिति पाल्पा र प्रदेश भलिबल सङ्घ लुम्बिनीको समन्वय, रामपुर नगरपालिकाको संरक्षण, रामपुर उद्योग वाणिज्य सङ्घको प्रवर्द्धनमा प्रतियोगिता भएको हो ।

गत फागुन १८ गतेदेखि छ दिनसम्म भएको खेलमा आठ समूहको सहभागिता रहेको थियो । रामपुरमा पहिलोपटक राष्ट्रियस्तरको खेल आयोजना भएकाले पनि यस क्षेत्रका स्थानीयमा खेल क्षेत्रमा उत्साह थपिएको छ ।

सूर्य नेपाल गल्फ टुर

# रवि खड्कालाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं** – डिफेन्डिङ च्याम्पियन एमेच्योर सदभाव आचार्यलाई सात स्ट्रोकको फराकिलो अन्तरमा हराउँदै पूर्वनम्बर एक गल्फर रवि खड्काले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको उपाधि जितेका छन् ।

उनले सात वर्षपछि करियरको पहिलो उपाधि जितेका हुन् । सन् २०१७ को अप्रिलमा सूर्य नेपाल एनपीजीए म्याच प्ले जितेपछि यो उनको पहिलो उपाधि हो । उनको यो सूर्य नेपाल टुरको १२औं उपाधि हो । उपाधि सहित उनले नगद एक लाख प्राप्त गरे ।

लगातार दुई दिनका लिडर सदभाव आचार्यले अन्तिम दिन आज ६-ओभर ७४ को खराब प्रदर्शन गर्दा उपाधि रक्षा गर्ने मौका गुमाए । समग्रमा १-अन्डर २ सय ७१ को स्कोरमा उनले चित्त बुझाए । उनले एमेच्योरतर्फ उपाधि जिते । एमेच्योर तर्फ समग्रमा ७-ओभर २ सय ७९ को स्कोर मा टासी छिरिङ दोस्रो भए । उनले आज ३-ओभर ७१ मा खेल सकाए ।

समग्रमा १-ओभर २ सय ७३ सहित प्रोतर्फ दिनेश प्रजापति, दीपक मगर र धन बहादुर थापाले संयुक्तरूपमा दोस्रो स्थान बाँडे । दिनेशले आज ४-अन्डर ६४ को उत्कृष्ट स्कोर बनाउँदा दीपकले १-ओभर ६९ र धनले ३-ओभर ७१ को स्कोर खडा गरे । उनीहरूले समान ५१ हजार ६ सय ६५ रूपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

पहिलो दिनका लिडर रामे मगरले आज इभन-पार ६८ खेलेर समग्रमा ४-ओभर २ सय ७६ सहित पाँचौं स्थानमा खेल सकाउँदै ३६ हजार नगद पुरस्कार हात पारे । समग्रमा ५-ओभर २ सय ७७ को नतिजामा भुवन नगरकोटी, सञ्जय लामा, भुवन कुमार रोक्का र जयराम श्रेष्ठले संयुक्तरूपमा छैटौं स्थान बाँडे । दाबेदार भुवनले आज ८-ओभर ७६ को बिर्सनलायक प्रदर्शन गर्दा तेस्रो स्थानबाट तल झर्दै छैटौं स्थानमा खेल सकाउन बाध्य भए । यस्तै ३-ओभर ७१ स्कोर गर्दा भुवन कुमार रोक्का र जयरामले इभन-पार ६८ मा खेल पुरा गरे । उनीहरूले २७ हजार ८ सय ७५ नगद आफ्नो नाममा लेखाए । समग्रमा १२-ओभर २ सय ८४ को नतिजामा रमेश अधिकारी दशौं भए र २१ हजार प्राप्त ग्रे ।उनले आज ६-ओभर२ सय ७४ को स्कोर बनाए ।

अन्तिम १८ होलको खेल सुरू हुँदा रवि सदभाव भन्दा ३ स्ट्रोकले पछि थिए । सदभावले लय गुमाउँदा रविले सुदबुझपुर्ण प्रदर्शन गरे । रविले पहिलो, दोस्रो, चौथो र आठौं होलमा बर्डी प्रहार गरे । तेस्रो र सातौं होलमा एक-एक सट खेर फाले । फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यता ३ स्ट्रोकको अग्रतामा दिनको सुरूवात गरेका सदभावले पहिलो होलमा बर्डी प्रहार गरे पनि तेस्रो होलको डबल बोगी र आठौं होलको बोगीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए । नौ होलको समाप्तीमा रविले सदभावलाई एक स्ट्रोकले पछि पारे ।

खेलको टर्निङ प्वाइन्ट दशौं होल बन्यो । सदभावले टी सट जंगलमा प्रहार गरे । दोस्रो सट ओबी खेल्दा यो होलमा ट्रीपल बोगीको सामना गर्न बाध्य भए । यता रविले यही होलमा इगल प्रहार गर्दा दशौं होलको समाप्तीमा रविले सदभाव विरूद्ध ६ स्ट्रोकको अग्रता बनाए । यसपछि रविले १७औं होलमा एक सट खेर फाले भने १८औं होलको बर्डीले ब्याक नाइन २-अन्डर ३२ मा नै पुरा गरे ।

सदभावले दशौं होलको ट्रीपल बोगी लगतै १२औं होलमा डबल बोगी र १५औं होलमा बोगीको सामना गरे । १३औं र १४औं होलमा एक-एक सट बचाए र ब्याक नाइन ४-ओभर ३८ मा सकाए । दिनेशले फ्रन्ट र ब्याक नाइन दुवै २-अन्डर ३२ मा सकाए । उनले पहिलो, चौथौं, आठौं, १०औं र १५औं होलमा बर्डी प्रहार गर्दा सातौं होलमा एक सट खेर फाले ।

दीपकले पहिलो र सातौं होलमा एक-एक सट बचाउँदा पाँचौ र नवौं होलको बोगीले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाए । यसपछि १३औं होलको बर्डी विरूद्ध १५औं र १७औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे । धनले फ्रन्ट नाइन २-ओभर ३६ र ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे । यो क्रममा उनले पहिलो, ११औं, १३औं र १५औं होलमा बर्डी प्रहार गरेपनि तेस्रो, आठौं र नवौं होलमा बोगी खेप्दा १०औं र १८औं होलमा डबल बोगीको सामना गरे । ७२ होलको चार दिने प्रतियोगिताको कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको थियो । प्रतियोगितामा कूल ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीको सहभागीता रहेको थियो ।

प्रतियोगिताका विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका मार्केटिङ उपाध्यक्ष दीप्रा लहरी, पिजीए नेपालका सल्लाहकार घनश्याम थापा, आरएनजीसीका अध्यक्ष मधुकर याकथुम्बा, क्याप्टेन मिथुन राई र कोषाध्यक्ष रोशन राईले पुरस्कार वितरण गरेका थिए ।

# गाजा युद्ध 'सभ्यताको अपमान' : चिनियाँ विदेशमन्त्री

**बेइजिङ-** चीनका विदेशमन्त्री वाङ यीले गाजामा भइरहेको इजरायली सैन्य कारबाही (युद्ध) लाई 'मानव सभ्यताको अपमान' भन्दै तत्काल युद्धविरामका लागि बेइजिङको आह्वान दोहोर्‍याएका छन् ।

'आजको २१औं शताब्दीमा यो मानवीय विपत्तिलाई रोक्न सकिँदैन भने यो मानवजातिका लागि त्रासदी र सभ्यताका लागि लज्जाजनक कुरा हो,' वाङले पत्रकारसँगको नियमित भेटमा भने ।

गत वर्षको अक्टोबरमा इजरायल र हमासबीच जारी युद्ध सुरु भएदेखि नै बेइजिङले तत्काल युद्धविरामको माग गर्दै आएको छ । चीनले ऐतिहासिक रूपमा प्यालेस्टिनी मुद्दाप्रति सहानुभूति राख्दै आएको छ र इजरायल-प्यालेस्टाइन द्वन्द्वको दुई-राज्य समाधानको समर्थन गर्दै आएको छ ।

चीनका राष्ट्रपति सी चिनफिङले द्वन्द्व समाधानका लागि 'अन्तर्राष्ट्रिय शान्ति सम्मेलन' आह्वान गरेका छन् । वाङले भने, 'द्वन्द्व जारी राख्नुलाई कुनै पनि कारणले न्यायोचित ठहराउन सकिँदैन र मानिसहरूलाई निर्मम तरिकाले मार्नुलाई कुनै पनि बहानामा सही मान्न सकिँदैन ।'

उनले भने, 'अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविराम र शत्रुता अन्त्यलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ र मानवीय राहतलाई तत्काल नैतिक जिम्मेवारीको रूपमा सुनिश्चित गर्नुपर्दछ ।'

बेइजिङका उच्च कूटनीतिज्ञले प्यालेस्टिनी राष्ट्रका लागि संयुक्त राष्ट्रसंघको पूर्ण सदस्यतालाई चीनले समर्थन गर्ने बताएका छन् ।

'हामी प्यालेस्टाइनलाई संयुक्त राष्ट्रसंघको औपचारिक सदस्य बन्न समर्थन गर्छौं,' वाङले भने, 'गाजामा भएको विपत्तिले प्यालेस्टाइनी भूमि लामो समयदेखि कब्जा गरिएको तथ्यलाई अब नजरअन्दाज गर्न सकिँदैन भन्ने कुरा एकपटक फेरि विश्वलाई स्मरण भएको छ । प्यालेस्टिनी जनताको स्वतन्त्र राष्ट्र स्थापना गर्ने लामो समयदेखिको चाहनालाई अब पन्छाउन सकिँदैन र प्यालेस्टिनी जनताले भोगेको ऐतिहासिक अन्यायलाई नसच्याइ पुस्तौंसम्म जारी राख्न सकिँदैन ।'
*रासस/एएफपी*

# रूसी सेनासँगै लड्ने एक नागरिकको मृत्यु भएको भारतको पुष्टि

**नयाँदिल्ली-** एक नातेदारले युक्रेनमा लड्न पठाइएको बताएको केही दिनपछि रुसी सेनाले भर्ती गरेको एक नागरिकको मृत्यु भएको मस्कोस्थित भारतीय दूतावासले बताएको छ । रुसको आक्रमण सुरु भएको दुई वर्षपछि युक्रेनमा उसका हजारौं सैनिक मारिएका छन् र मस्को थप लडाकुहरूको वैश्विक खोजीमा छ ।

नयाँदिल्लीमा विदेश मन्त्रालयले गत महिना रुसी सेनामा 'फसेका' करिब २० भारतीय नागरिकको सुरक्षित रिहाइका लागि काम गरिरहेको बताएको थियो । दूतावासले मोहम्मद अफसानको मृत्युपछाडिको परिस्थितिबारे खुलाएन तर उनको परिवार र रुसी अधिकारीहरूको सम्पर्कमा रहेको बताएको छ । 'मिसनले उनको पार्थिव शरीर भारत पठाउन प्रयास गर्नेछ,' दूतावासले सामाजिक सञ्जाल एक्समा लेखेको छ ।

अफसानका भाइ मोहम्मद इमरानले फेब्रुअरीमा आफ्नो भाइ करिब दुई महिनादेखि बेपत्ता भएको बताएका थिए । अफसानले अन्तिमपटक दक्षिणी रुसी सहर रोस्तोभ-अन-डनबाट फोन गरेर उनलाई अग्रिम मोर्चाका लागि तैनाथ गरिएको बताएको इमरानले बताएका थिए । भाग्न सफल अर्का एक भारतीय सैनिकले आफ्नो परिवारलाई ३० वर्षीय अफसान गोली लागेर घाइते भएको बताएको इमरानले बताए ।

अफसान रुसी सेनामा कार्यरत आफ्ना नागरिकमध्ये भारतीय अधिकारीहरूले पुष्टि गरेको पहिलो मृत्यु हो र समग्रमा यो दोस्रो मृत्यु हो । गुजरात राज्यका २३ वर्षीय एक व्यक्ति 'सुरक्षा सहायक' का रूपमा काम गर्दा युक्रेनी हवाई आक्रमणमा मारिएको स्थानीय सञ्चारमाध्यमले आफन्त र अर्का भारतीय सैनिकलाई उद्धृत गर्दै गत महिना बताएको थियो ।

सेनामा भर्ती भएका केही भारतीयले गत महिना अग्रिम मोर्चामा पठाइनुअघि उनीहरूलाई उच्च तलब र रुसी राहदानी दिने वाचा गरेर सेनामा सामेल हुन प्रलोभन दिइएको बताएका थिए । आफूहरूलाई गैर-लडाकु भूमिका दिने वचन दिइएको तर युक्रेन पठाउनुअघि कलाश्निकोभ एसल्ट राइफल र अन्य हतियारको प्रयोग गर्नका लागि प्रशिक्षित गरिएको उनीहरूले बताएका थिए । *रासस/एएफपी*

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## राजस्व परामर्श समितिको
## सूचना

आगामी आर्थिक वर्ष २०८१/८२ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्वन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्त:शुल्क, गैरकर एवम् राजस्व चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनमा गर्नुपर्ने सुधारका विषयमा मिति २०८० चैत्र १० गतेसम्ममा सुझाव उपलब्ध गराइदिनुहुन निजी क्षेत्र, सरकारी निकाय, एवं सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ ।

**सुझावहरु निम्न ठेगानामा पठाउन सकिनेछ:-**

(१) राजस्व परामर्श समिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
e-mail: rmd@mof.gov.np

**(२) विषयगत सुझाव निम्न उपसमितिहरुमा पठाउन सकिनेछ:-**

**(१) आन्तरिक राजस्व उपसमिति:**
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, E-mail: policyird@ird.gov.np वा dgpa@ird.gov.np

**(२) भन्सार उपसमिति:**
भन्सार विभाग, त्रिपुरेश्वर, e-mail: tariff@customs.gov.np

**(३) उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति:**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, e-mail: ipdivision@moics.gov.np वा info@moics.gov.np

**(४) राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धिकरण अनुसन्धान उपसमिति:**
आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, e-mail: Epad@mof.gov.np

**(५) कृषि, उर्जा तथा पर्यटन क्षेत्र उपसमिति**
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: moev@mof.gov.np

**(६) बैंक, वित्तीय सस्था, वीमा, सहकारी तथा पूँजी बजार उपसमिति:**
वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: fsmd@mof.gov.np

**(७) गैरकर तथा अन्तर सरकारी राजस्व व्यवस्थापन उपसमिति:**
वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय; सिंहदरबार; e-mail: ffcd@mof.gov.np

**(३) अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरु ।**

श्रीलंकाका पूर्वराष्ट्रपतिको दाबी

# चिनियाँ लगानीका कारण बर्खास्त गरियो

